# आर्थिक वर्ष २०८०/०८१ को

## नीति कार्यक्रम तथा बजेट

# विराटनगर महानगरपालिका

२०८०

सम्मानित नगर सभाका अध्यक्ष महोदय
एवं नगर सभाका सदस्यज्यूहरु

नगर सभाको बाह्रौ अधिवेशनमा यहाँहरुलाई स्वागत गर्न पाउँदा मलाई खुशी लागेको छ । नेपाली जनताको स्वतन्त्रता, लोकतन्त्र, संघीय गणतन्त्रका लागि विभिन्न समयमा भएको आन्दोलनमा आफ्नो अमूल्य जीवन आहूति दिने ज्ञातअज्ञात शहीदहरुप्रति सम्मान व्यक्त गर्न चाहन्छु । राजनैतिक तथा सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गरी विराटनगरलाई समृद्ध बनाउने अभियानमा लाग्नु भएका सबै अग्रज महानुभावहरुप्रति विराटनगर महानगरपालिकाको तर्फबाट हृदयदेखिनै सम्मान प्रकट गर्न चाहन्छु ।

यस सम्मानित नगरसभामा आर्थिक वर्ष २०८०।०८१ को नीति, कार्यक्रम तथा बजेट पेश गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ । नगरलाई समृद्ध बनाउने जिम्मेवारी हाम्रो काँधमा आइरहँदा हाम्रा सीमित स्रोत र साधनलाई अधिकतम् प्रयोग गरी नगरवासीका आकांक्षाहरुलाई समेट्न प्रयासरत रहेका छौं । **''हामी सबैको रहर शिक्षित,सफा,सुन्दर,सुरक्षित र सक्षम विराटनगर''** बनाउने मुख्य सोचका साथ आव ०८०।०८१ का लागि वार्षिक नीति कार्यक्रम तथा बजेट तर्जुमा गरिएको छ ।

स्थानीय तहको अधिकार क्षेत्रहरु बढदै जाँदा नागरिकहरुलाई पु्र्याउने सेवा प्रवाहका लागि आवश्यक जनशक्ति व्यवस्थापन गर्दा बजेटको ठूलो हिस्सा साधारण तथा प्रशासनिक खर्चमा छुट्याउनु पर्दा विकास निर्माणलगायत अन्य कार्यमा स्रोत व्यवस्थापनको चाप परेको यहाँहरुलाई जानकारी भएको हुनुपर्छ । महानगरपालिकाको सीमित स्रोत साधनबाट मात्र नगरको विकास निर्माणलगायत सेवा प्रवाह गर्न नसकिने भएको हुँदा नागरिक समाज, निजी क्षेत्र, संघसंस्थालगायत सबैको साथ र सहयोगको अपेक्षा गर्दछु ।

अध्यक्ष महोदय

हामीले विगत एक वर्षमा नगरवासीलाई उपलब्ध गराएको सेवा प्रवाह र विकास निर्माणका कार्यहरुमा प्रत्यक्ष सहभागि भई पाएको अनुभव तथा अभ्यासबाट थप ज्ञान हासिल भएकाले आगामी दिनमा ईमान्दार र कर्तव्य निष्ठाका साथ महानगरको समृद्धिका लागि सम्मानित नगरसभाले पारित गर्ने

नीति, कार्यक्रम तथा बजेटले नगरको विकासमा उल्लेख्य महत्व राख्नेछ भन्ने अपेक्षा लिएको छु।

अध्यक्ष महोदय

योजना तर्जुमाका लागि विषयगत समिति, नगरमा क्रियाशिल राजनैतिक पार्टी,संघसंस्था, नागरिक समाज,निजी क्षेत्रहरुको सुझावहरुलाई समेत मध्यनजर गर्दै आगामी आर्थिक वर्ष २०८०।०८१ को नीति, कार्यक्रम तथा बजेट तर्जुमा निम्न विषयहरुलाई मुख्य मार्गदर्शकका रुपमा राखिएको छ

१. नेपालको संविधान
२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४
३. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
४. पन्ध्रौं योजनाको दीर्घकालिन अवधारणा
५. प्रदेशको प्रथम आवधिक योजना
६. राष्ट्रिय योजना आयोगको बजेट तर्जुमासम्बन्धी मार्गदर्शन
७. संघीय तथा प्रदेश सरकारबाट प्राप्त मार्ग निर्देशन ।
८. स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन
९. विषयगत समिति,राजनैतिक दल, निजी क्षेत्र,नागरिक समाज तथा संघसंस्थाको सल्लाह सुझाव ।

अध्यक्ष महोदय

आर्थिक वर्ष २०८०।०८१ को नीति कार्यक्रम तथा बजेट तर्जुमा गर्दा देहायका क्षेत्रहरुलाई प्रमुख प्राथमिकता दिइएको छ ।

क) क्रमागत तथा अधूरा पूर्वाधार निर्माण, उत्पादन तथा छिटो प्रतिफल दिने योजनाहरु ।
ख) शिक्षा र स्वास्थ्यमा सबै नगरवासीको पहुँच बढाउने कार्यक्रम ।
ग) लैङ्गिक समानता र सामाजिक समावेशीकरण हासिल हुने योजना तथा कार्यक्रम ।
घ) राजस्व वृद्धि र परिचालनमा योगदान पुऱ्याउने कार्यक्रमहरु ।
ङ) सेवा प्रवाह,सुशासन तथा संस्थागत विकासमा सहयोग पुग्ने योजना तथा कार्यक्रम ।
च) स्थानीय स्रोत साधन र सीपको परिचालन हुने योजना तथा कार्यक्रम ।

छ) स्थानीय भाषा,धर्म,कला साहित्य र संस्कृति जगेर्नासम्बन्धी कार्यक्रम ।
ज) वातावरण संरक्षण तथा बालमैत्री स्थानीय शासनलाई सहयोग पुग्ने कार्यक्रम ।
झ) आर्थिक विकास र गरिबी न्यूनिकरणमा सहयोग पुऱ्याउने योजनाहरु ।
ञ) सबै वडाहरुमा सन्तुलित र समानुपातिक विकासमा सहयोग पुग्ने योजना तथा कार्यक्रमहरु ।

अध्यक्ष महोदय

चालु आवमा राजस्व संकलन लक्ष्यभन्दा कम भएको हुदाँ बार्षिक नीति अनुसार तय भएका सवै कार्यक्रम तथा योजना पुरा हुन सकेका छैनन । आगामी आ.व.मा परिस्थितिमा सुधार भई लक्ष्य अनुसार आय संकलन हुने अपेक्षा गरी नीति कार्यक्रम तर्जुमा गरिएको छ।

अव म आर्थिक वर्ष २०७९।०८० मा लिइएका नीति तथा कार्यक्रमहरुको कार्यान्वयनबाट हासिल भएका मुख्य उपलब्धी प्रस्तुत गर्न चाहान्छु ।

## आर्थिक विकास क्षेत्र

**कृषिः**

माटो सुधारका लागि कृषि चुन तथा विजको प्रयोगका लागि २२५ जनालाई ५ हजार केजी जिन्क वितरण गरीएको छ । मकै र धानको बीउ ५० प्रतिशत अनुदानमा ५२५ जनालाई मकै बीऊ ११ सय केजी र धानको बीउ १६ हजार केजी वितरण गरी उत्पादन गरीएको छ । २ र ३ नं. वडाका महिला समूहका ५० जनालाई तालिम दिएको छ । धान उत्पादनमा वृद्धि गर्न पकेट क्षेत्रलाई निरन्तरता दिइएको छ।६,१२, १८ र १९ नं. वडाका १५० जना कृषकलाई बेमौसमी तरकारी खेती तालिम सञ्चालन गरीयो । १८ नं. वडामा २० हेक्टरमा ३५ जना कृषकका लागि मकै बालीको उत्पादन बढाउन पकेट विकास कार्यक्रम सञ्चालन गरीयो। वडा न १९ मा तेलहन बाली विकास कार्यक्रममा ३० जनाका लागि सिंचाइका लागि पम्पसेटसहित सामग्री सहयोग गरीएको छ ।च्याउखेतीलाई प्रवर्द्धन गर्नका लागि १० वटा समूहलाई अनुदान सहयोग उपलब्ध गराइएको छ ।

## पशुपंक्षी विकास

१६०२ वटा सडक तथा सामुदायिक कुकुरलाइ रेविज बिरुद्धको खोप तथा बन्ध्याकरण गरीएको छ । मासुको उत्पादन बढाउन ५ वटा वोयर जातका बोका वितरण गरीएको छ । घासको बीउ वितरण, परजिवी नियन्त्रण, ४ वटा समूहका १०० जना परिवारलाई बाख्रापालन तालिम सञ्चालन गरीएकोछ । स्वच्छ तथा सफा मासु उत्पादन तथा बिक्रि वितरणसम्बन्धी २६ जनालाई तालिम सञ्चालन भएको छ । वडा न ४ र १८ मा पशु स्वास्थ्य शिविर सञ्चालन गरीएको छ । छाडा चौपाया नियन्त्रण गर्नका लागि प्रचारप्रसार गरीएको छ बाख्रा पकेट विकास कार्यक्रमअन्तर्गत १०० वटा खोर निर्माण र औषधि वितरण गरीएको छ। ११५०० बाख्रालाई पीपीआर खोप नि:शुल्क सञ्चालन गरीयो । २८००० पशुवस्तुलाई चर्चरे खोरेत र एफएमडी खोप नि:शुल्क सञ्चालन गरीयो ।

## सहकारी:

३५ वटा सहकारीहरुको सघन र नियमित अनुगमन गरी नियमन गरीएको छ । ९५ वटा सहकारी संस्थाहरुको लेखा परीक्षण प्रतिवेदन अध्ययन गरी आवश्यक निर्देशन दिई नियमविपरीत काम गर्ने संस्थालाई जरिवानासमेत गरीएको छ । प्रतिवेदन प्रणालीलाई व्यवस्थित गर्न सहकारी संस्थाहरुलाई ३ दिने कोपोमिस तालिम साथै लेखासम्बन्धी तालिम समेत प्रदान गरीएको छ । २ वटा सहकारी संस्थाहरुको एकीकरण भएको छ । सहकारीका सिद्धान्तविपरीत कार्य गर्ने १५ वटा सहकारी संस्था खारेज गरीएको छ । १५३ वटा सहकारी सस्थालाई कोपोमिस प्रणालीमा आवद्ध गरीएको छ । बचतकर्ताको रकम हिनामिना गर्ने सहकारीलाई रकम फिर्तासमेत गरीएको छ ।

## पर्यटन:

विराटनगरलाई महाभारत सर्किटमा जोड्न विराट राजाको दरबार क्षेत्रको गुरुयोजना तयार भएको छ । प्रधानमन्त्री पार्कको निर्माण सुरुवात भई ऐतिहासिक रानीपोखरी , सन्धयाकालीन आरती, मन्ठापोखरी आदिको संरक्षण गरी ऐतिहासिक संम्पदाको संरक्षण कार्यक्रमले गति लिन लागेको छ ।

## उपभोक्ता हित संरक्षण:

बजार अनुगमन निर्देशिका परिमार्जन गरी समितिलाई क्रियाशील बनाई बजार अनुगमनलाई प्रभावकारी बनाइएको छ । विभिन्न किसिमका अनुगमन र उपभोक्ता सचेतनाको कार्यक्रमबाट उपभोक्तामा जागरुकता आएको छ ।

**उद्यमशीलता ,उद्यम र रोजगारः**

मागमा आधारित रहि सीप विकास तालिम, वैदेशिक रोजगारीबाट फर्केका युवाको प्राप्त ज्ञान, सीप, पूँजीलाई उपयोग गर्न सचेतना तथा तालिम संचालन गरीएको छ ।१० वटा वडाहरुमा प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत १३४ जनाले ९० दिन रोजगार पाएका छन् । सुरक्षित वैदेशिक रोजगारीका लागि सूचना केन्द्रबाट सूचना प्रवाह भैरहेको छ ।वैदेशिक रोजगारीका क्रममा ठगीमा परेकाहरुको गुनासोलाई सम्बोधन गरीएको छ । स्थानीय उत्पादन प्रवर्द्धन तथा रोजगार सिर्जना गर्ने किसिमका महानगरका विकास निर्माण कार्यले समेत बेरोजगार घटाउन मद्दत पुर्याएको छ ।अपाङ्गता भएका व्यक्तिहरुलाई रोजगारमा जोडन रोजगार मेला आयोजना गरीएको छ ।

**सामाजिक विकास**

**स्वास्थ्यः**

छोरी बचाऊ छोरी पढाऊ कार्यक्रमबाट  पहिलो सन्तान छोरी जन्माएका ४८ र पहिलो र दोस्रो दुवै सन्तान छोरी जन्माएका ६८ जनाको बैंकमा खाता खोली रकम जम्मा गरीएको छ ।१७२ जना गर्भवती आमाहरुलाई संस्थागत सुत्केरी सेवाका लागि नि:शुल्क एम्बुलेन्स सेवा पुरयाईएको छ। सुरक्षित आमा कार्यक्रममा ५११६ जना आमाहरुलाई सुत्केरी गराएबापतको सेवा प्रदान गरीएको छ। महामारी तथा सरुवा रोगको रोकथाम तथा न्यूनीकरणका लागि अन्तरतह समन्वय, आधारभूत स्वास्थ्य केन्द्रहरुको सुदृढीकरण, अपाङ्गता रोकथाम तथा पुर्नस्थापना कार्यक्रम सञ्चालन भएको छ । रानी  र बैजनाथपुर स्वास्थ्य संस्थालाई अस्पतालको रुपमा विकास गरी स्वास्थ्य सेवा प्रवाह भईरहेको छ । महानगरबाट रानी अस्पतालमा फिजियोथेरापी सेवा सञ्चालन गरीएको छ । नगरवासीको स्वास्थ्य सुधारका लागि सवै वडामा स्वास्थ्य शिविर संचालन गरी २५०५ जना महिला र १६५० जना पुरुष गरी जम्मा ४१५६ जनाले स्वास्थ्य सेवा पाएका छन्। सार्वजनिकस्थलमा सुर्तिजन्य पदार्थको बिक्री वितरण तथा सेवनमा रोकथाम तथा

नियन्त्रणका लागि उल्लेखनीय भूमिका निर्वाहपश्चात राष्ट्रिय पुरस्कारबाट सम्मानित भएको छ । १०३६ पिन्ट नि:शुल्क रक्तदान सेवा उपलब्ध गराइएको छ ।

**शिक्षा :**

कक्षा १ देखि ५ को खुदभर्ना दर ९९.५ प्रतिशत पुर्याइएको छ । महानगरपालिकामा सञ्चालित सबै विद्यालयमा स्थानीय पाठ्यक्रम कक्षा १ देखि ५ सम्म कार्यान्वयनमा ल्याइएको छ ।९ वटा विद्यालय भवन निर्माण, ५ वटा विद्यालयमा खानेपानी फिल्टर जडान, ४ वटा विद्यालयमा पुस्तकालय निर्माण तथा ३ वटा विद्यालयमा विज्ञान प्रयोगशाला निर्माण गरीएको छ । सार्वजनिक मा.वि. वडा नं. १९ मा अत्याधुनिक कम्प्युटर प्रयोगशाला स्थापना गरी प्रविधिमा आधारित शिक्षण सिकाईमा पहुँच विस्तार गरीएको छ । महानगर बहुप्राविधिक शिक्षालयको भौतिक निर्माणको कार्य भैरहेको छ । सबै सामुदायिक विद्यालयका छात्राहरुलाई स्यानिटरी प्याड वितरण भएको छ । संस्थागत विद्यालयले नियमानुसार प्रदान गर्नुपर्ने छात्रवृत्तिलाई अनिवार्य गर्न आवश्यक नियमन गरीएको छ। वडा नं. १८ र १९ का २ वटा विद्यालयमा नेतृत्व विद्यालयको स्थापना गर्ने कार्यको थालनी गरीएको छ । सवै विद्यालयमा सघन अनुगमन गरीएको छ । कक्षा १ देखि कक्षा ६ सम्मका सबै बालबालिकाहरुका लागि दिवा खाजाको व्यवस्थापनलाई निरन्तरता दिइएको छ । सबै सामुदायिक विद्यालयमा विद्युतीय हाजिरी प्रणाली लागू भएको छ ।

**युवा तथा खेलकुद**

विद्यालयका बालबालिकाको सर्वाङ्गिण विकासका लागि १५ जना खेलकुद प्रशिक्षकहरुलाई तालिम प्रदान गरीएको छ। महानगरको संयोजकत्वमा विराट गोल्डकप फुटबल प्रतियोगिता संचालन भएको छ। नगरस्तरीय राष्ट्रपति रनिङ शिल्ड संचालन गरीएको छ । अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगितामा पदक विजेता विराटनगर निवासी श्री ललित राजवंशी र दिपेश कडेललाई हौसला प्रदान गर्नका लागि नगद राशीसहित सम्मान गरीएको छ । खेलकुद क्लबको संस्थागत विकासका लागि आर्थिक तथा भौतिक सहयोग भएको छ ।

## सामुदायिक विकास

७७१ जना महिला र ४८२ जना पुरुषलाई सीपमूलक तथा आयमूलक तालिम दिइएको छ। हालसम्म ११६ जना सडक मानवलाई उद्धार गरी मानव सेवा आश्रमलगायतका संस्थामा राखिएको छ। आदिवासी जनजाति तथा दलित समुदायको सस्कृति संरक्षणमा सहयोग भएको छ । मानवसेवा आश्रमको संस्थागत विकासका लागि अनुदान सहयोग उपलब्ध भइरहेको छ। गरीबसँग विशेश्वर कार्यकममा आवद्ध समूहका सदस्यहरुलाई सीपमूलक तालिम दिइएको छ । सेफ हाउस व्यवस्थापनमा सहयोग गरीएको छ। भाषा, कला, साहित्य, संस्कृत प्रवर्द्धनका लागि कार्यकम गरीएको छ । गैसससँगको समन्वयमा चौक तथा टोल सौन्दर्यकरण भैरहेको छ । महिलाहरुलाई आर्थिक रुपमा सवल र सक्षम बनाउन सीपमूलक तथा आयमूलक कार्यक्रममा सहयोग भइरहेको छ।

प्रजातान्त्रिक योद्धाहरुलाई सम्मान, धार्मिक केन्द्रहरुको वृत्तचित्र निर्माण, असल नागरीक सम्मान जस्ता कार्यक्रम संचालन भएका छन् । गैससको प्रोफायल निर्माण साथै क्षमता विकास, काममा समन्वय, कार्यगत एकताबाट काममा दोहोरोपना हटाई स्रोतको सदुपयोग भएको छ ।सडकमा आश्रित मानवको उद्धार, पुनर्मिलनका कार्यक्रम संचालन भएका छन् ।आर्थिक रुपमा विपन्न नागरीकहरुलाई मृत्यु पश्चात दाहसंस्कारका लागि **निःशुल्क** शव वाहन र दाउराको व्यवस्था गरीएको छ । सुकुम्वासीहरुको तथ्याङ्क लिने कार्य भएको छ ।

## महिला तथा बालबालिका

लैङिक हिंसाविरुद्ध ५८ जनालाई मनोसामाजिक परामर्श उपलब्ध गराइएको छ । मानव बेचविखन, साइवर क्राइम ,लैङ्गिक तथा घरेलु हिंसा सम्बन्धी ५४३ जना महिलाहरुलाई क्षमता अभिवृद्धि तालिम उपलब्ध गराईएको छ । हिंसामा परेका ३७८ महिला तथा ३ पुरुषले एकद्वार संकट व्यवस्थापन केन्द्रबाट सेवा पाएकोमा सो केन्द्रलाई व्यवस्थापन सहयोग गरीएको छ ।

हिंसा प्रभावितहरुका लागि लैङ्गिक हिंसा निवारण कोषको स्थापना गरीएको छ । महिलाहरुका लागि सीपमूलक तथा आयमूलक तालिमहरु सञ्चालन गरीएको छ

।विभिन्न संघसंस्थाहरुसँगको समन्वय र सहकार्यमा लैङ्गिक हिसा विरुद्ध अभियान सञ्चालन गरीएकोछ ।

नगर तथा वडामा बालक्लबको गठन गरी ११६२ जना बालबालिकाहरुको क्षमता विकासका लागि  बालमैत्री तालिम दिईएको छ। वडास्तरीय बालअधिकार समिति गठन गरीएको छ बालश्रमिकहरुलाई उद्धार गरी परिवारमा पुनर्स्थापना गरीएको छ ।

## साहित्य महोत्सव

भाषा, साहित्य, कला र संस्कृतिको जगेर्ना गर्ने उद्धेश्यले नेपाल-भारत साहित्य महोत्सव सञ्चालन गरीएको छ । महोत्सवमा नेपाल र भारतका ३५० जना भन्दा बढी कवि तथा लेखकको सहभागिता रहेको थियो।

## ज्येष्ठ नागरीक

ज्येष्ठ नागरीकहरुलाई तीर्थाटन गराइएको छ । दिवासेवा सञ्चालन व्यवस्थापनका लागि सहयोग गरीएको छ । ज्येष्ठ नागरीक सामुदायिक भवनको निर्माणमा सहयोग गरीएको छ । ज्येष्ठ नागरीकका लागि फिजियोथेरापी सञ्चालनमा सहयोग गरीएको छ ।२ वटा वृद्धाश्रमको व्यवस्थापनका लागि सहयोग नियमित भइरहेको छ।

## अपाङ्गता

हालसम्म १५२४ जनाले अपाङ्गता परिचयपत्र पाएकोमा यस आवमा पूर्ण अशक्त ७५ जना, अति अशक्त १२३ जना, मध्यम ८२ जना, सामान्य २२ जना गरी ३०२ जनालाई परिचयपत्र वितरण गरीएको छ। अपाङ्गता भएका १२३ जना व्यक्तिहरुलाई सहायक सामग्री वितरण गरीएको छ। अपाङ्गता भएका ६२ जनालाई शल्यक्रियासहितको उपचारमा सहयोग उपलब्ध गराइएको छ। ३०० जना अपाङ्गता भएका व्यक्तिहरुलाई वडास्तरमा उपचार सेवा उपलब्ध गराइएको छ। अपाङ्गता सहायताकक्षका लागि अपाङ्गता भएका जनशक्ति व्यवस्थापन गरीएको छ । अपाङ्गता भएका व्यत्तिहरुका लागि पोषण तथा शैक्षिक सामग्री सहयोग भएको छ । अपाङ्गता भएका महिलाहरुका लागि व्यवसाय सञ्चालनका लागि

सहयोग उपलब्ध गराइएको छ । विराट बहिरा मा.वि. को संस्थागत विकासका लागि सहयोग भएको छ । आदर्श मा.वि. मा अपाङ्गता दिवासेवा केन्द्रको सञ्चालनका लागि बस लगायत व्यवस्थापनमा सहयोग गरीएको छ ।

## पञ्जीकरण तथा सामाजिक सुरक्षा :

सामाजिक सुरक्षा भत्ता वितरणमा सहजीकरणका लागि १५ वटा वित्तीय संस्थाबाट वितरण हुने व्यवस्था मिलाइएको छ। VPN Connection गरी सामाजिक भत्ता तथा व्यक्तिगत घटना दर्ताका पोर्टल सञ्चालन गरीको छ । व्यक्तिगत घटना दर्ता कार्यक्रमलाई शतप्रतिशत coverage गर्ने प्रयास भएको छ । जनचेतनाका कार्यक्रम सञ्चालन गरीएका छन् ।सामाजिक सुरक्षा भत्तामा दोहोरो सुविधा हुन नदिन विशेष अनुगमन गरीएको छ ।

## पूर्वाधार विकास क्षेत्र :

### भवन निर्माण इजाजत तथा भवनसंहिता :

भवन संहिता अनुसार नयाँ नक्सा पास दर्ता ८४८, बनिसकेका सुचिकृत समेत घर दर्ता २२३४, निर्माण सम्पन्न प्रमाणपत्र लिएका २६४१ रहेका छन्। सुरक्षित भवन निर्माणका लागि क्षमता विकास, स्वीकृत मापदण्डको कडाइका साथ परिपालना, मापदण्डको समयानुकुल परिमार्जन, घर नक्साका पुस्तकलाई डिजिटाइज र इजाजतलाई अनलाइन गर्ने तयारीका काम भएका छन् ।नक्सा पास नभई बनेका संरचनाहरुलाई करको दायरामा ल्याईएको छ।

### पूर्वाधार विकासः

पूर्वाधारका विभिन्न क्षेत्रको सम्भाव्यता अध्ययनसहित गुरुयोजना तयार भएका छन्। आयोजना बैंक बनाउने कार्य सुरु गरीएको छ । सार्वजनिक निजी साझेदारी अवधारणाबमोजिम औद्योगिक प्रदर्शनीस्थल र पार्किङ सहितको बहुपयोगी व्यवसायिक भवनको निर्माणका लागि जग्गाको व्यवस्थापन भएको छ। निजी क्षेत्रको साझेदारीमा नगरबस सेवा सञ्चालनका लागि आवश्यक तयारी भइरहेको छ। वडा कार्यालयका प्रशासनिक भवनहरुलाई क्रमशः सुविधा सम्पन्न बनाइँदैछ। निर्माण भएका भौतिक संरचनाहरुको प्रभावकारी अनुगमन गरी गुणस्तर कायम

गरीएको छ । फोहोर पानी प्रशोधन केन्द्र सञ्चालनमा रहेको छ। खरिदका विभिन्न माध्यमबाट हालसम्म १७१ वटा योजनाहरु सञ्चालनमा रहेका छन् । उपभोक्ता समितिमार्फत १७३ वटा योजनाको सम्झौता भई सञ्चालनमा रहेका छन् । प्रदेशसमपुरक अन्तर्गत विनियोजित योजनाको काम अन्तिम चरणमा रहेको छ । सडक बोर्ड अन्तर्गतका योजनाहरु सम्झौता भई कार्य प्रकिया अगाडि बढाइएको छ । वीरेन्द्र सभागृहको पुननिर्माण अन्तिम चरणमा पुगेको छ र सो सञ्चालनको कार्यविधी समेत तयार गरीएको छ।बहुवर्षीय योजनाअन्तर्गत रहेको प्रधानमन्त्री पार्कको निर्माण कार्य २० प्रतिशत, रानी र मण्ठापोखरी हरियाली पार्क निर्माण कार्यको भौतिक प्रगति ४० प्रतिशत, विराटनगर महानगरपालिकाको मुख्य प्रशासनिक भवनको निर्माण कार्य ३५ प्रतिशत, महानगर बहुप्राविधिक शिक्षालय भवनको निर्माण कार्य ३० प्रतिशत र वडा नं.२ स्थित हनुमान मन्दिरमा सन्ध्याकालीन आरतीको निर्माण कार्य २० प्रतिशत सम्पन्न भएको छ । ६ वटा वडा कार्यालयहरुको प्रशासनिक भवनको निर्माण कार्य भईरहेको छ । तराई-मधेश समृद्धि कार्यक्रम अन्तर्गत संघीय सरकारबाट अन्तिम समयमा आएका विभिन्न वडाका १३ वटा योजनाको सम्झौता भई निर्माण कार्य अन्तिम चरणमा रहेको छ । वडा नं.३ स्थित उदय मार्गको निर्माण कार्य ७० प्रतिशत सम्पन्न भएको छ। नगरस्तरीय योजनाहरुको काम ८० प्रतिशत सम्पन्न भई अन्तिम चरणमा रहेका छन् । बहुवर्षीय योजनाअन्तर्गत विभिन्न वडामा सञ्चालन हुने २० वटा योजनाको मूल्याङ्कन भई सम्झौताका क्रममा रहेका छन् ।

यस आ.व. को ज्येष्ठ मसान्तसम्म जम्मा कालोपत्रे ९ किमी,ग्रावेल ३१ किमी, सडक ढलान ६ किमी,नाला २० किमी, रिटेनिङवाल १९ किमी, कल्भर्ट ८० वटा, ड्रेन कभर ६६७२ वटा र भवन तथा कोठा ११६ वटा निर्माण सम्पन भएका छन् ।

**विद्युत तथा उर्जा :**

कोशी राजमार्गको ढाटदेखि वडा नं. १३ र १४ को नहरसम्म दुवैतर्फ र पुष्पलाल चौक-रोडशेष कोशी प्रोजेक्ट हुदै विराटनगर रानीसम्म एलइडी सेट जडान गरी उज्यालो पारिएको छ। रातको समयमा मुख्य बजार क्षेत्र र आवास क्षेत्रमा बिजुली

बत्तीको सुविधा पुर्याई "उज्यालो विराटनगर अभियान" लाई निरन्तरता दिइएको छ । सबै वडामा गुणस्तरीय बल्ब जडान गरीएको छ ।

## वन वातावरण तथा सरसफाईः

### वातावरणः

वडा नं. १० र १८ मा हरियाली प्रवर्द्धन कार्यक्रमअन्तर्गत वृक्षारोपण गरीएको छ ।वन कार्यालयसँगको साझेदारीमा विरुवा उत्पादन गरीएको छ। विद्यालयका विद्यार्थी र शिक्षकहरुलाई वातावरणमैत्री स्थानीय शासन प्रवर्द्धनका सूचकका विषयमा कार्यक्रम गराई तथ्यांक संकलन गरीएको छ। वातावरण प्रदूषण नियन्त्रणका लागि सघन रुपमा २० स्थानमा अनुगमन गरीएको छ । वातावरण दिवसमा ३१ वटा विद्यालयमा बृक्षरोपण, साइकल र्‍याली, खुल्ला चित्रकला प्रदर्शनी गरीएको छ। ५० प्रतिशत साझेदारीमा ५० घरपरिवारलाई कम्पोष्ट विन उपलब्ध गराइएको छ। सुरक्षित नागरीक आवास कार्यक्रममा १५६ घरपरिवारलाई रु २० हजारका दरले सहयोग उपलब्ध गराइएको छ।

## विपद् व्यवस्थापनः

विपद् जोखिम सवेदनशील भूउपयोग योजनाको पुनरावलोकन गरीएको छ । विपद् पुर्वतयारी तथा प्रतिकार्य योजनालाई अध्यावधिक गरीएको छ। स्थानीय आपतकालीन कार्य संचालन केन्द्रलाई थप प्रभावकारी बनाइएको छ । जोखिम क्षेत्रको पहिचान, जोखिममा पर्न सक्ने वर्गको पहिचान गरी सचेतना तथा पूर्वतयारीका काम गरीएको छ ।विकास आयोजनाको डिजाइन गर्दा विपद र वातावरण संरक्षणलाई ध्यान दिइएको छ । प्रत्येक वडामा स्वयमसेवक टोली गठन गरीएको छ । खोज तथा उद्धार कार्यदल गठन गरी तयारी अवस्थामा रहने प्रबन्ध मिलाइएको छ । मनसुन पूर्वगर्नुपर्ने कार्यहरुको पूर्वतयारी गरीएको छ ।

## सरसफाई व्यवस्थापनः

नगरको सरसफाइ, योजना र अनुगमन संयन्त्रका बारेमा सदस्यहरु, राजनीतिक प्रतिनिधिहरु, नागरीक समाज समूह, स्वावलम्बन समूह, सरसफाई कामदारहरु, फोहोरमा खोजतलास गर्नेहरु र यौनिक अल्पसंख्यक समुदाय आदिसँग अन्तर्क्रिया

गरीएको छ ।घरघरबाट निस्कने फोहोरलाई कम्पोष्ट मल बनाउने तयारी थालिएको छ । निजी क्षेत्रको साझेदारीमा फोहोर मैलालाई पुँजीको रुपमा परिवर्तन गर्न विकास साझेदारसँग परामर्श थालिएको छ । जथाभावी फोहोर फाल्नेलाई जरिवाना गरीएको छ। डुवानको समस्यालाई हल गर्न नाला सफाई अभियान तीव्र पारिएको छ।विद्यालयका विद्यार्थी, संघसंस्था, टोल विकास संस्था लगायत अन्य सरोकारवालाको समन्वय र सहकार्यमा सरसफाई अभियान तीव्र पारिएको छ।

**आर्थिक प्रशासन**

भुक्तानीमा विद्युतीय प्रणाली (EFT) लागू गरीएको छ । १ अर्ब १९ करोड (७३ प्रतिशत) बेरुजु फछ्र्यौट गरीएको छ ।सबै वडामा लेखा कर्मचारी व्यवस्था गरीएको छ । बजेटको समानुपातिक वितरणका लागि वडाको समेत न्यूनतम बजेट सिलिङ्ग तोक्ने अभ्यास गरीएको छ ।

**<u>सामान्य प्रशासन</u>**

**प्रशासन**

नगरवासीका गुनासोलाई सम्बोधन गर्न सञ्चालनमा ल्याएको टोल फ्री नम्बरमा १४० वटा गुनासो आएकोमा ९६ प्रतिशत गुनासोहरुको सम्बोधन भएको छ । यसैगरी इ-मेलमार्फत आएका ३५ गुनासोहरुमध्ये सबै ३२ वटा सम्बोधन गरीएको छ । कर्मचारीशरुको क्षमता विकास गरी सेवा प्रवाहलाई चुस्तदुरुस्त राख्न २४२ जना कर्मचारीहरुलाई तालिम दिइएको छ। सार्वजनिक सुनुवाई नियमित गरीएको छ । सामाजिक लेखा परीक्षण गरीएको छ । महानगरले प्रवाह गर्ने सेवाको प्रभावकारिता सम्बन्धमा नगरवासीको जनगुनासोलाई सम्बोधन गर्न सेवाग्राही सन्तुष्टि सर्वेक्षण गर्ने कार्यको थालनी भएको छ। सुशासन तथा संस्थागत विकासका लागि आवश्यक कानुनहरुको तर्जुमा, विद्युतीय हाजिरी प्रणालीको सुरुवात, आवश्यक कर्मचारीहरुको पदपूर्ति, महानगरका गतिविधिहरुको प्रसारण, वडा कार्यालयहरुको व्यवस्थापन, वडा कार्यालयबाटै कर संकलनको व्यवस्था, करको दायरामा बृद्धि, सूचना तथा प्रविधिमैत्री कार्यप्रणालीको विकास गरिएको छ।

**राजश्व प्रशासन**

प्रमुख, उपप्रमुख, वडा अध्यक्ष, वडा सदस्य तथा कर्मचारीहरुबाट करदाता शिक्षा अभियानका लागि वडा न १, ३, ४, ५, ६, १०, १२, १३, १६ र १८ मा

२० जना स्वयंसेवक परिचालन गरी वर्षौंदेखि कर नतिर्ने फर्म तथा व्यक्तिहरुको पहिचान गरी करको दायरामा ल्याई ज्येष्ठ मसान्तसम्म ५१ करोड ६५ लाख राजस्व असुली भएको छ । अनलाइनबाट कर भुक्तानी हुने व्यवस्था मिलाइएको छ । राजस्व सुधार योजना निर्माणको मस्यौदा तयार गरीएको छ । कर संकलनमा कार्यरत कर्मचारीको क्षमता विकास तालिम सञ्चालन गरीएको छ ।

## सूचना तथा संचार प्रविधि

स्थानीय संचार माध्यमलाई विभिन्न किसिमका सहयोग गरीएको छ। पत्रकारको क्षमता विकासका कार्यक्रम गरीएको छ। विज्ञापन समान रुपमा वितरण गर्ने गरीएको छ । महानगरपालिकाबाट हुने सबै गतिविधिहरु स्थानीय सञ्चार माध्यम, अनलाइन पोर्टल, वेव पेज तथा सामाजिक सञ्चालमार्फत नगरवासीहरुलाई सू-सुचित गरीएको छ | कार्यालयको आन्तरिक कार्यप्रणालीलाई प्रविधिमैत्री बनाउन Video Conferencing, सबै महाशाखा तथा शाखामा सम्पर्क गर्न सकिने गरी IP Telephony (Intercom) **३७ स्थानमा** CCTV जडान गरीएको छ । सबै वडा कार्यालय, सामुदायिक विद्यालय र स्वास्थ्य केन्द्रहरु गरी जम्मा ८४ स्थानमा इ-हाजिरी प्रणाली जडान गरीएको छ ।

## कानुन तथा न्याय

न्यायिक समितिमा २२९ वटा मुद्दा दर्ता भएकोमा १९३ वटाको निर्णय भइसकेको छ ।वडास्तरमा मेलमिलाप केन्द्र स्थापना गरी स्थानीय विवाद वडास्तरमा निरुपण गर्ने कार्यको थालनी गरीएको छ । विभिन्न सडक नाटक, सचेतना तालिम आदिका माध्यमबाट कानुनी सचेतनाका कार्यक्रम गरीएको छ। "विद्यालयका बालिकासँग उप-प्रमुख" कार्यक्रमका मध्यामबाट समस्याहरुको सम्बोधन गरीएको छ। अति विपन्न समुदायका लागि न्यायमा पहुँच अभिवृद्धि गर्न नि:शुल्क कानुनी सेवा उपलब्ध गराइएको छ। विवादको प्रकृति हेरी समस्या समाधान गर्न परामर्शदाताबाट नि:शुल्क परामर्श सेवा प्रवाह भइरहेको छ ।

## नगर प्रहरी

नगर प्रहरी र बारुणयन्त्र कर्मचारीहरुलाई आधारभूत तालिम प्रदान गरीएको छ । खुला पार्किङस्थल १७ वटा र बेसमेन्ट पार्किङ्स्थल ३ वटा तयार गरीएको छ।

२०१ वटा छाडा चौपायाहरुलाई नियन्त्रणमा लिई जरिवाना गरीएको छ।गैह्रकानुनी खोला उत्खनन् गर्ने ट्र्याक्टरहरु नियन्त्रणमा लिई जरिवाना गरीएको छ। सडक पेटी तथा फूटपाथमा राखिएका पसलहरु हटाई सहरलाई सौन्दर्यकरण गरीएको छ। आगोलागीका घटनाका १३३ स्थानहरुमा आगलागी नियन्त्रण गरीएको छ।ट्राफिक व्यवस्थापनको लागि ट्राफिक नियम उल्लङ्घन गर्ने १००० वटा सवारीसाधनलाई जरिवाना गरीएको छ। महानगरबाट तोकिएको पार्किङ्गस्थल र कार्यालय भवनको सुरक्षाका लागि CCTV जडान गरीएको छ ।

अध्यक्ष महोदय

अब म आर्थिक वर्ष २०८०।०८१ का लागि **प्रस्तावित आय र व्यय प्रस्तुत** गर्नुपूर्वचालु आ.व.२०७९।०८० को ज्येष्ठ मसान्तसम्मको **संशोधित अनुमानित र यथार्थ आय-व्यय** प्रस्तुत गर्न चाहन्छु।

चालु आ.व. २०७९/०८० को श्रावणदेखि २०७९ ज्येष्ठ मसान्तसम्म (११ महिना) को संशोधित कुल अनुमानित आय रु. ४ अर्ब १७ करोड ९ लाख ९८ हजार अनुमान गरीएकोमा यथार्थ आय रु. २ अर्ब ८६ करोड ८३ लाख ८० हजार ४१ रुपैयाँ मात्र भएको छ। यसैगरी कुल अनुमानित व्यय रु. ४ अर्ब १७ करोड ९ लाख ९८ हजार अनुमान गरीएकोमा यथार्थ कुल व्यय रु. २ अर्ब २४ करोड ८२ लाख २९ हजार ६७ रुपैयाँ मात्र भएको छ । जसमध्ये पुँजीगत खर्चतर्फ कुल व्यय रु. २ अर्ब २७ करोड ७८ लाख २८ हजार ९ सय रुपैयाँ अनुमान गरीएकोमा रु. ९० करोड १९ लाख ६ हजार ६ सय ७८ रुपैयाँ खर्च भएको छ । यसैगरी प्रशासनिक एवं चालु खर्चतर्फ रु. १ अर्ब ८४ करोड ३१ लाख ६९ हजार १ सय रुपैयाँ अनुमान गरीएकोमा रु. १ अर्ब करोड २९ लाख ८९ लाख ४० हजार ७ सय २२ रुपैयाँ खर्च भएको छ भने वित्तीय खर्चतर्फ रु. ५ करोड अनुमान गरीएकोमा रु. ४ करोड ७३ लाख ८१ हजार ६ सय ६५ रुपैयाँ खर्च भएको छ।

यसैगरी आन्तरिक राजश्व रु. १ अर्ब ६४ लाख रुपैयाँ अनुमान गरीएकोमा चालु आ.व. को श्रावणदेखि ज्येष्ठ मसान्तसम्म (११ महिना) मा रु. ५१ करोड ६५ लाख ९४ हजार ९ सय १९ रुपैयां यथार्थ आय सङ्कलन भएको छ। बाँडफाँटबाट

प्राप्त राजस्वतर्फ रु. ९५ करोड ५५ लाख ५७ हजार रुपैयाँ अनुमान गरीएकोमा रु. ३५ करोड २३ लाख ५ हजार ९ सय ७७ रुपैयाँ मात्र प्राप्त भएको छ। अन्तरसरकारी वित्तीय हस्तान्तरण संघीय सरकारतर्फ रु. १ अर्ब ३५ करोड २९ लाख ६ हजार रुपैयाँ अनुमान गरीएकोमा रु. १ अर्ब २९ करोड ५८ लाख ६ हजार रुपैया अनुदान प्राप्त भएको छ । सामाजिक सुरक्षा कार्यक्रमतर्फ संघीय सरकारबाट प्राप्त रु. ६२ करोड ८२ लाख ८५ हजार ६ सय रुपैयाँ कोष तथा लेखा नियन्त्रक कार्यालयबाट भुक्तानी हुने हुँदा महानगरपालिकाको सञ्चित कोषमा आय देखिएको छैन। प्रदेश सरकार अन्तरसरकारी वित्तीय हस्तान्तरणतर्फ रु. ९ करोड ४० लाख ४६ हजार रुपैयाँ अनुमान गरीएकोमा रु. ७ करोड २० लाख ३५ हजार १ सय १५ रुपैयाँ प्राप्त भएको छ। अन्य संघसंस्था अनुदानतर्फ रु. ३ करोड ५६ लाख रुपैयाँ अनुमान गरीएकोमा रु. २ करोड २९ लाख ३६ हजार १ सय ५२ रुपैयाँ प्राप्त भएको छ। नगर विकास कोषबाट ऋण सापटीबापत रु. ८ करोड ५३ लाख रुपैया अनुमान गरीएकोमा सो रकम यस आ.व.मा ऋण नलिई आगामी आ.व.मा लिइनेछ। यसैगरी जनसहभागितातर्फ रु. १० करोड ११ लाख ७६ हजार रुपैयाँ अनुमान गरीएकोमा रु. ६ करोड ७७ लाख २९ हजार ९ सय ३९ रुपैयाँ मात्र जनसहभागिता जुटेको छ भने गतवर्षको मौज्दाततर्फ रु. ५७ करोड ३२ लाख ५८ हजार ७ सय ६३ रुपैयां रहेको छ।

अध्यक्ष महोदय

अव म आर्थिक वर्ष २०८०।०८१ को वार्षिक कार्यक्रम तर्जुमाका लागि लिइएका नीति प्रस्तुत गर्न चाहन्छु

**वन वातावरण तथा सरसफाई**

**विपद व्यवस्थापन**

१. आपतकालीन कार्यसञ्चालन केन्द्रलाई जिल्ला, प्रदेश र राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्रसँग आवद्ध गर्नका लागि आवश्यक सामग्री र मानवस्रोतको विकास गरीने छ ।
२. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई वार्षिक रूपमाअध्यावधिक गरिनेछ ।

३. पूर्वमनसुन र पश्च मनसुन प्रतिकार्य योजना तयार गरी कार्यान्वयन गरिनेछ ।

४. जनप्रतिनिधहरू तथा वडाका कर्मचारी साथै टोलविकास संस्थाका सदस्यहरुलाई विपद् व्यवस्थापन तथा मानवीय सहायताका आधारभूत मापदण्डका बारेमा क्षमता विकास गराइनेछ

५. वडास्तरमा द्रुत लेखाजोखा टोली गठन गरी विपदको समयमा कार्य गर्न तयारी अवस्थामा रहन द्रुत टोलीको क्षमता विकास गरिनेछ ।

६. महानगरपालिकाले तयार गरेको वहुप्रकोप जोखिम विश्लेषण प्रतिवेदन अनुसार डुबानको समस्या समाधानका लागि प्रदेश सरकार र संघीय सरकारसँग समन्वय र सहकार्य गरिनेछ ।

७. आपतकालिन अवस्थामा उद्यमी व्यवसायीहरूले व्यवसायलाई निरन्तरता दिनका लागि उद्यमी तथा उधोगीहरुका लागि आपतकालीन प्रतिकार्य योजना निर्माण सम्बन्धी क्षमता विकास गराइनेछ ।

८. वडास्तरका विपद् व्यवस्थापन समितिका पदाधिकारीहरूलाई क्रियाशील गराउनका लागि नियमित क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

९. महानगरपालिकाभित्र रहेका पेट्रोलपम्प र ग्याँस डिपो तथा डिलरहरुमा सुरक्षा मापदण्ड निर्धारण र नियमन गरी सुरक्षित बनाइनेछ ।

१०. भान्साकोठाको सुरक्षा मापदण्ड निर्माण गरी यससम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ

११. बाढी, डुबान तथा कटान नियन्त्रणका लागि आवश्यक भौतिक पूर्वाधार निर्माणलाई प्राथमिकतामा राखिनेछ ।

## सरसफाई व्यवस्थापन

१. निर्माण व्यवसायी तथा व्यक्तिहरुले महानगरपालिकाक्षेत्रभित्र भौतिक संरचना निर्माण गर्दा १२ क्षेत्रबाट ओसारपसार गरी ल्याउँदा लाँदा निर्माण सामग्री सुरक्षित किसिमले ढुवानी गर्ने समेतको सरसफाई व्यवस्थापनको कार्ययोजना अनिवार्य गराइनेछ ।

२ कवाडीजन्य सामग्रीको वेचविखन, ओसारपसार र भण्डारण गर्दा सहरको सौन्दर्यलाई नबिगारी व्यवसाय सञ्चालन गराइनेछ ।शहरको सौन्दर्यलाई बिगारी वाहिरबाट देखिने गरी भण्डारण गरेको पाइएमा कारबाहीको दायरामा ल्याइनेछ । विराटनगर प्रवेशद्वारदेखि जोगवनीको नाकासम्मको कोशी धरान सडक अति संवेदनशील तथा विदेशी आवतजावत गर्ने सडक भएकोले उक्त सडक दायाँ बायाँ व्यवसायलाई तत्काल हटाइनेछ ।

३ ढुवानी व्यवसाय संचालन कार्यविधि निर्माण पूर्वट्रान्सपोर्ट व्यवसायीहरूले व्यवसाय स्थलको प्राङ्गण स्थल प्रवेशमा नाला भए सो नाला नियमित संरक्षण, सफाई तथा प्राङ्गणभित्र शौचालयको व्यवस्था, ध्वनि प्रदूषण व्यवस्थापन, वातावरणमैत्री व्यवसाय सञ्चालनका लागि प्रोत्साहन गरिनेछ ।

४ व्यक्ति,संस्था तथा कम्पनीको जग्गा खाली राखी सो स्थानमा फोहोर फालेको पाइएमा स्वयं जग्गा धनीले फोहोरको सफाई गर्नुपर्नेछ ।महानगरपालिकामार्फत सफाई गरी सफाई गर्दा लागेको खर्च जग्गा धनिको वार्षिक भूमिकर तथा मालपोतमा थप गरी कर शुल्क लिइनेछ ।

५. घर, पसल, व्यवसाय अगाडिको क्षेत्रको फोहोर व्यवस्थापन, हरियाली तथा सुन्दर एवं रमणीय गर्ने व्यक्ति तथा संस्थाहरुलाई महानगरपालिकाको लोगो प्रदान गरी सम्मान गरिनेछ ।

६. टोलको फोहोर व्यवस्थापन, हरियाली तथा सुन्दर एवं रमणीय गर्ने संस्थालाई महानगरपालिकाबाट नगद वा योजना थप गरेर सम्मान गर्ने नीति लिइनेछ ।

७. व्यवसाय दर्ता गर्दा सफाई व्यवस्थापनको सुनिश्चिता तथा अनिवार्य फोहोर राख्ने भाडो राख्नका लागि अभिप्रेरित गरिनेछ ।

८. महानगरपालिका क्षेत्रभित्र निर्माणजन्य सामग्री लिई प्रवेश गर्ने गाडीलाई ४ स्थानबाट) पूर्वतर्फ २ र पश्चिमतर्फ २ मात्र प्रयोग गर्न दिने र प्रवेश गर्दा उक्त गाडी पैया (चक्का) चक्का अनिवार्य सफाई गरेर मात्र प्रवेश गर्ने व्यवस्था गरिनेछ । साथै नगरभित्र निर्माण गर्ने भौतिक संरचनाबाट निस्कने कुनै पनि साधनले सडक फोहर नगर्ने गरी व्यवस्थापन गर्नका लागि अनुगमनलाई प्रभावकारी बनाइनेछ ।

९. निजी क्षेत्रसँगको साझेदारीमा घुम्ती शौचालयको व्यवस्थापन गरिनेछ । सेफ्टी टयाकी व्यवसायीहरुले व्यवसाय दर्ता गरेर फोहोर विसर्जन फोहोर पानी प्रशोधन केन्द्रमा विसर्जन गर्न कडाईका साथ नियमन गरिनेछ ।

**वातावरण**

१ हरियाली प्रवर्द्धन गर्न निजी क्षेत्र र अन्य सामाजिक संघसंस्थाहरुको साझेदारीमा सडक तथा नदीको किनार र खाली ऐलानी जग्गामा वृक्षारोपण गर्ने एवं विरुवा हुर्काउने अभियानलाई निरन्तरता दिइनेछ ।

२ विभिन्न साझेदार संस्थाहरुसँगको सहकार्यबाट फोहोरमैला व्यवस्थापनका लागि अन्तिम विसर्जनस्थलको व्यवस्थापन आधुनिक प्रविधि waste to energy एवं environmental friendly प्रविधिबाट गरिनेछ ।

३ फोहोरमैला निष्काशन, संकलन तथा अन्तिम विसर्जनसम्बन्धी निर्देशिका, २०६८ लाई परिमार्जन गरी नयाँ निर्देशिका बनाई स्वीकृत गर्ने र कार्यान्वयन तथा नियमन गरिनेछ |

४ घर तथा होटल व्यवसायबाट निस्कने फोहोरलाई कम्पोष्ट मल बनाउने विधिलाई अवलम्वन गरी नगरक्षेत्रभित्र सरसफाइ कार्यलाई प्रोत्साहन गरिनेछ ।

५ अस्पतालजन्य फोहोरमैला व्यवस्थापन गर्न सम्बन्धित क्षेत्रलाई पूर्ण रुपमा जिम्मेवार बनाउने तथा जथाभावी फोहोर गर्ने जोसुकैलाई दण्डनीय बनाइने कार्यलाई निरन्तरता दिइनेछ ।

६ प्रदूषण रोकथाम र नियन्त्रण गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

७ वातावरणमैत्री सूचकका आधारमा वातावरणमैत्री घर र टोलको घोषणा गरिनेछ ।

८ जलवायु परिवर्तन अनुकूलनका उपायहरु अवलम्बन गरिनेछ |

९ प्लास्टिक झोला प्रतिबन्ध कार्ययोजना, २०७८ लाई कार्यान्वयन गरी प्लास्टिक झोलालाई न्यूनीकरण गर्न कपडाको झोला प्रयोगमा ल्याउन निजी क्षेत्रसँग समन्वय सहकार्य गरिनेछ ।

१० हानीकारक फोहोर सम्वन्धि नीति,नियम,कार्यविधि तथा मापदण्ड तयार पारी कार्यपालिकाबाट स्वीकृत गराइ कार्यान्वयन तथा नियमन गरिनेछ ।

११ वातावरणीय प्रदूषण हुने क्षेत्रहरुजस्तै उद्योगधन्दा सवारी साधन र अन्य क्षेत्रबाट हुने वायु प्रदूषण, ध्वनि प्रदूषण, फोहोरमैला व्यवस्थापनका लागि मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

१२ नविकरणीय ऊर्जा नीति तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

## २ आर्थिक विकास क्षेत्र

### पशुपन्छी तथा मत्स्य विकास

१. पशुपालन विशेष क्षेत्र पहिचान गरी निःशुल्क पशु स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

२. व्यवसायिक तिर उन्मुख पशुपन्छी फार्म/समूहलाई प्रथमिकता दिदै घाँस खेतीमा जोड दिइनेछ ।

३. मासुको उत्पादन बढाउनका लागि साझेदारीमाउन्नत जातका बोका वितरण गरिनेछ ।

४. पशुपन्छीमा महामारी सरुवारोग फैलन नदिनका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

६. उपभोक्तालाई स्वस्थ्यकर माछा, मासु उपभोग गर्न र माछा, मासु बजारलाई व्यवस्थित गर्न बजार अनुगमनमा जोड दिइनेछ ।

७. कृत्रिम गर्भाधानको माध्यमबाट नश्ल सुधारमा जोड दिइनेछसाथै व्यवसाय उन्मुख पशुपन्छी फार्म/समूह र सहकारीको संस्थागत विकास गरिनेछ ।

९.सामुदायिक कुकुरहरुलाई दिइँदै आएको रेविजविरुद्धको खोप र बन्ध्याकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१०. कृषक समूहहरुलाई अभिमुखीकरण तालिम, अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।

## कृषि विकास

१ कृषकहरुलाई कृषियन्त्र उपकरण,धान, गहुँ, मकैलगायतका गुणस्तरीय बीऊहरुमा दिइँदै आएको अनुदानलाई निरन्तरता दिइनेछ ।

२ कृषि क्षेत्रको उत्पादकत्व वृद्धिका लगि कृषि क्षेत्रमा व्यवसायीकरण, यान्त्रीकरण एवं आधुनिकीकरणमा जोड दिइनेछ ।

३ बढ्दो सहरीकरणलाई मध्यनजर गर्दै सहरी कृषि कौसी तरकारी खेती करेसाबारी खेतीमा जोड दिइनेछ ।

४ खाद्य तथा अन्य कृषि उत्पादनमा आत्मनिर्भरताका लागि प्राविधिक उपयुक्त्ताको आधारमा सघन व्यावसायीक खेती प्रणाली अघि बढाइनेछ ।

५ स्थानीयस्तरमै उत्पादन गर्न सकिने कृषिजन्य उत्पादन प्रवर्द्धन तथा उपयोगमा जोड दिई सुरक्षित खानपान र पौष्टिक तत्व उपयोगबारे सचेतनात्मक तथा व्यावसायीक च्याउ, कुरिलो खेती कार्यक्रम तथा तालिम सञ्चालन गरिनेछ ।

६ कृषकहरुलाई वडा तहबाटै सेवा सुविधा उपलब्ध गरिनेछ ।

७ कृषि क्षेत्रमा हुने विभिन्न रोग तथा विपद् बाट हुने क्षति तथा जोखिम न्यूनीकरण गर्न आकस्मिक बाली संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

८ बाढी, पहिरो, हावाहुरी, असिना, जस्ता प्रकोपहरुबाट हुने क्षति न्यूनीकरणका लागि कृषि बीमा कार्यक्रममा किसानहरुको सहभागिताका लागि जनचेतना बढाइनेछ ।

९ कृषकहरुलाई निर्वाहमुखी खेती प्रणालीबाट व्यावसायीक खेतीतर्फ उन्मुख गराउन कृषकहरुलाई विभिन्न क्षेत्रमा संचालनमा रहेका कृषि फर्म र पशुपालन फर्मको अवलोकन भ्रमण गराई कृषकलाई व्यावसायीक खेती गर्न प्रेरित गरिनेछ ।

## उद्यमशीलता,श्रम तथा रोजगार उपभोक्ता हित संरक्षण

१. लगानीमैत्री वातावरणका लागि थप पहल गरिनेछ।

२. उद्यमशीलता विकास कार्यक्रमको प्रवर्द्धन तथा विकास गरीदै लगिनेछ ।

३. वैदेशिक रोजगारीसँग सम्बन्धित संकलन गरी महानगरको पाश्वचित्रमा समावेश गरिनेछ

४. महानगरको सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधि जारी गरी कार्यान्वयन गरिनेछ।
५. स्थानीय साधन, स्रोत, पूँजी, प्रविधिमा आधारित लघु घरेलु तथा साना उद्योगको विकास तथा विस्तारमा जोड दिइनेछ ।
६. बजार अनुगमनलाई थप प्रभावकारी बनाउँदै निरन्तरता दिइनेछ ।
७. वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको ज्ञान, सीपहरुलाई उपयोग गर्ने नीति लिइनेछ।
८. वैदेशिक रोजगारमा जान तयार भएका व्यक्तिहरुलाई सीप तालिमको व्यवस्था गरिनेछ ।
९. स्थानीय उद्योगहरुको आवश्यकतालाई विचार गरी स्थानीय जनशक्तिहरु ज्ञान, सीप र क्षमताको विकास गरिनेछ।
१०. उपभोक्ता हित संरक्षणका लागि बजार अनुगमनलाई थप प्रभावकारी बनाइनेछ ।
११. उपभोक्ता हितका लागि सरोकारवालासँगको समन्वयमा विभिन्न सचेतनामूलक अभियान कार्यक्रमहरु सञ्चालनलाई निरन्तरता दिइनेछ ।

**पर्यटन तथा संस्कृति**

१ पर्यटन गुरूयोजना क्रमश: कार्यान्वयन गर्न सार्वजनिक-निजी साझेदारीको नीति अवलम्बन गरी निजी क्षेत्रलाई लगानी गर्न प्रोत्साहन गरिनेछ ।
२ कोशी प्रदेशमा रहेका स्थानीयभाषा, धर्म, संस्कृति, रितिरिवाज तथा परम्परालाई प्रवर्द्धन गरी जातीय संग्रहालय स्थापना गरी आर्थिक तथा पर्यटकीय विकासमा योगदान पुर्याउनेछ ।
३ नेपालको राजनैतिक आन्दोलनको सुरुवात भएको विराटनगर रानीको हड्ताली हाटमा प्रजातान्त्रिक स्मृति स्तम्भ र सहिद मैदानमा सहिद स्मृति स्तम्भ बनाइनेछ।
४ प्रदेश, संघ तथा अन्तराष्ट्रिय विकास साझेदारीको सहयोग र सहकार्यमा ऐतिहासिक र पुरातात्विक विराट राजाको दरबार रहेको भेडियारी क्षेत्रलाई समुचित विकास गर्दै पर्यटन विकास गरिनेछ

५ विराटनगर महानगरलाई पर्यटकीय गन्तव्य क्षेत्रको पहिचान भएका स्थानहरुको दिशानिर्देश सूचक तयार पारी अनलाइनमा राखिनेछ ।

६ "विराटनगर घुमौं विराटनगरमा रमाऔं" अभियान सन्चालन गरी पर्यटनको विकासमा जोड दिइनेछ ।

७ विराटनगरलाई पर्यटनको सर्किटको रुपमा विकास गरिनेछ ।

८ राधाकृष्ण रथयात्रालाई अन्तराष्ट्रिय रुपमा प्रचारप्रसार गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय व्यक्तिहरुलाई आमन्त्रण गरिनेछ।

९ आन्तरिक पर्यटन प्रवर्द्धनका लागि प्रधानमन्त्री पार्क, मण्ठापोखरी, रानी पोखरी, सन्ध्याकालीन आरती, हृदयेन्द्र पार्कको निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

## सहकारी

१. डिजिटल कारोबारलाई प्रोत्साहन गर्दै सहकारी तथा गरीबीसम्बन्धी सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा सहकारी संस्थाहरुको आबद्धतालाई थप प्रभावकारी बनाइनेछ ।

२. सहकारी संस्थाहरुको आदर्शतम संख्या कायम गर्न एकीकरणलगायतका प्रोत्साहन र प्रवर्द्धनात्मक रणनीति लागू गरिँदै लगिनेछ।

३. सहकारी संस्थाहरुलाई उत्पादन र रोजगारी अभिवृद्धिका कार्यक्रमहरुमा जोड्दै लगिनेछ।

४. संकटग्रस्त, रुग्ण र निष्कृय सहकारी संस्थाहरुको प्रभावकारी व्यवस्थापनका लागि आवश्यक मापदण्ड बनाई स्तरीकरण गर्ने व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ ।

५. सहकारी क्षेत्रमा संस्थागत सुशासन प्रवर्द्धनका लागि नीति, विधि र प्रविधिबाट सहकारी सन्चालन गर्न प्रोत्साहित गरिनेछ।

६. मागमा आधारित सहकारी शिक्षा र तालिममार्फत सहकारी संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

७. बढ्दो वित्तीय जोखिम व्यवस्थापनलाई मध्यनजर गर्दै सहकारी संस्थाहरुको अनुगमन र नियमन कार्यलाई थप प्रभावकारी र सघन बनाइनेछ।

## सामाजिक विकास

### गैरसरकारी संघसस्था

१ महानगरस्तरीय प्रज्ञा प्रतिष्ठानको स्थापना गरी भाषा, कला, साहित्य तथा संस्कृतिको जगेर्ना गरिनेछ ।

२ गैरसरकारी संघसंस्थाबाट हुने कार्यहरुमा दोहोरोपना हुन नदिनका लागि गैसस सन्चालन कार्यविधि तयार गरिनेछ ।

३ महानगरको विकास निर्माणमा विकास साझेदार संस्थाहरुसँगको समन्वय तथा सहकार्य थप प्रभावकारी बनाइनेछ । गैरसरकारी संस्थाबाट हुने कार्यहरु एकद्धार प्रणालीबाट गर्न प्रभावकारी अनुगमन गरिनेछ ।

४ कार्यक्रममा दोहोरोपना हुन नदिन र प्रभावकारी कार्य गर्न महानगरपालिकाको पूर्वस्वीकृति विना गैससहरुले कार्यक्रम सञ्चालन गर्न नपाउने नीती अवलम्वन गरिनेछ ।

५ विकास निर्माणमा टोल विकास संस्थाहरुलाई परिचालन गरिनेछ ।

६ लैङ्गिक समानता र सामाजिक समावेशीकरणसम्बन्धी कार्यहरुलाई निरन्तरता दिइनेछ ।

### सामाजिक सुरक्षा तथा पञ्जीकरण

१ सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको विवरण प्रविधिमैत्री बनाउन EFT (Electronic Fund Transfer) मार्फत सर्वसुलभ र सरल ढंगले वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

२ हस्तलिखित व्यक्तिगत घटना दर्ता किताबलाई प्रणालीमा प्रविष्टि गरी डिजिटल अभिलेख विधि लागू गरिनेछ ।

३ नेपाल सरकारको सन् २०२४ सम्ममा व्यक्तिगत घटना दर्ता पूर्ण रुपमा गर्ने अभियान सफल बनाउन महानगरभित्र सघनरुपमा जनचेतनामूलक कार्यक्रम सन्चालन गरिनेछ ।

४ लक्षित वर्गको योजना बनाई घटना दर्ताको महत्व, आवश्यकताबारे जानकारी गराउँदै शतप्रतिशत घटना दर्ता गराउन महानगरपालिका विभिन्न स्थानहरुमा दर्ता शिविर संचालन गरिनेछ ।

५ **"सहि व्यक्तिलाई सहि समयमा सहि रकम प्रदान, सामाजिक सुरक्षाको हाम्रो अभियान"** भन्ने नाराअनुरुप भत्ता प्राप्त गर्न योग्य व्यक्तिलाई सामाजिक सुरक्षा कार्यक्रममा समावेश गराउने तथा भत्ता प्राप्त गर्न अयोग्य व्यक्तिको पहिचान गरी सामाजिक सुरक्षा कार्यक्रमबाट हटाइनेछ ।

**स्वास्थ्य**

१. 'छोरी बचाऊ, छोरी पढाऊ' कार्यक्रम/पहिलो र दोस्रो सन्तान छोरी जन्माउने आमाहरुलाई प्रोत्साहनबापत उपलब्ध गराउँदै आएको रकमलाई निरन्तरता दिइनेछ ।

२. गर्भवतीआमाहरुलाई प्रदान गरीदै आएको निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिँदै अपाङ्गता भएका व्यक्ति तथा ८० वर्षभन्दा माथिका ज्येष्ठ नागरीकलाई अस्पतालसम्म सहज पहुँचका लागि निःशुल्क एम्बुलेन्स सेवा सञ्चालनमा ल्याइनेछ।

३. विराटनगरवासीका लागि नेपाल रेडक्रस सोसाईटीको साझेदारीमा संचालित निःशुल्क रक्त सेवालाई निरन्तरता दिइनेछ ।

४. रानी तथा बैजनाथपुर अस्पताललाई सुविधा सम्पन्न बनाई विशेषज्ञमार्फत सेवा उपलब्ध गराउनुको साथै फार्मेसी सेवाको विस्तार गरी प्रयोगशाला सेवाको सुदृढीकरण गरीदै लगिनेछ ।

५. विराटनगर महानगरपालिकाको १९ वटै वडाबाट प्रयोगशाला सेवा जाँचको लागि नमुना संकलनको व्यवस्था मिलाउनुको साथै Urine for pregnancy test र गर्भवती महिलाहरुको लागि ANC Profileको चेकजाँचको निःशुल्क रुपमा व्यवस्था मिलाइनेछ ।

६. ८० वर्षभन्दा माथिका ज्येष्ठ नागरीकहरुको लागि विशेष स्वास्थ्य सेवा कार्यक्रमहरु ल्याइनेछ ।

७. सबै वडाहरुमा एकीकृत स्वास्थ्य शिविर संचालन गरिनेछ ।

८. स्तनपायी आमाहरुको सहजताको लागि महानगरका उपयुक्त स्थानहरुमा स्तनपानकक्षको निर्माण गरिनेछ।

९. नियमित रुपमा आँखा जाँच क्लिनिकको व्यवस्थापन गरीदै लगिनेछ ।

१०. सामुदायिक, गैरसरकारी तथा निजी स्वास्थ्य संस्थाहरुको नियमनलाई थप प्रभावकारी बनाइनेछ । साथै विपन्नहरुका लागि निःशुल्क स्वास्थ्य सेवा प्रवाह गराउन निजी स्वास्थ्यसंस्था अभिप्रेरित गरिनेछ ।

११. डेंङ्गी लगायत महामारीजन्य सरुवा रोगहरुको रोकथाम तथा नियन्त्रणको लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय गरी समुदायस्तरमा विभिन्न कार्यक्रमहरु संचालन गरानेछ।

१२. महानगरवासीहरुको स्वास्थ सुधारका निमित्त वैकल्पिक चिकित्साको रुपमा आयुर्वेद सेवाको विकास, विस्तार र सुदृढीकरण गर्दै लगिनेछ ।

१३. आमनागरीकहरुको आधारभूत स्वास्थ्य सेवाको सहज पहुँचका लागि सम्पूर्ण वडामा संचालनमा रहेका आभारभूत स्वास्थ्य केन्द्रहरुको सुदृढीकरण तथा सेवा विस्तार गर्दै लगिनेछ ।

१४. महिलाहरुको प्रजनन् स्वास्थ्य तथा बालबालिकाहरुको स्वास्थ्य सुधारका लागि विभिन्न कार्यक्रमहरु संचालनमा ल्याइनेछ ।

१५. गरीब, विपन्न नागरीकहरुको स्वास्थ्य बीमा गरिनेछ।

१६. नगर क्षेत्रभित्रका सार्वजनिक स्थानहरुमा धुम्रपान, सुर्ती तथा सुर्तीजन्य पदार्थ, पानपराग तथा गुट्खाहरु विक्री वितरण तथा सेवनमा रोक लगाइने कार्यलाई कडाईका साथ लागू गर्ने नीति लिएको छ ।

**शैक्षिक प्रशासन**

१. प्रारम्भिक बालविकास शिक्षालाई सबलीकृत गरी बाल सिकाईका लागि उचित वातावरण तयार पारिनेछ।

२. विद्यालय उमेर समूहका **सबै बालबालिकालाई विद्यालयमा भर्ना हुने व्यवस्था** मिलाई सर्वसुलभ रुपमा गुणस्तरीय शिक्षा सुनिश्चित गरिनेछ ।

३. **'मेयर डिजिटल स्कुल'** कार्यक्रम कार्यान्वयन गरी सामुदायिक विद्यालयमा प्रविधिमा आधारित सिकाइमा जोड दिइनेछ।

४. प्राविधिक शिक्षामा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै **श्रमप्रति आस्था र विश्वास राख्नेपौरखी विद्यार्थी उत्पादन ग**रिनेछ।

५. प्रारम्भिक कक्षाहरूमा पठन सीप विकास कार्यक्रम सञ्चालन गरी कक्षामा **सिकाउने प्रक्रिया र तरिकामा सुधार** ल्याइनेछ।

६. न्यून पारिश्रमिक भएका विद्यालय कर्मचारी तथा बाल विकास सहयोगी कार्यकर्तालाई दिइँदै आएको प्रोत्साहन पारिश्रमिकलाई निरन्तरता दिइनेछ ।
७. सार्वजनिक विद्यालयमा महानगरपालिकाबाट प्रदान गरिँदै आएको शिक्षक शिक्षण अनुदानलाई निरन्तरता प्रदान गरिनेछ ।
८. सार्वजनिक विद्यालयमा सामाजिक परीक्षण तथा आर्थिक लेखा परीक्षणलाई अनिवार्य शर्तका रुपमा लागू गरिनेछ ।
९. **'शितल छाहारी सिक्ने चौतारी'** कार्यक्रममार्फत विद्यालयमा वृक्षारोपण कार्यक्रमलाई अभियानका रुपमा सञ्चालन गरिनेछ ।
१०. **सार्वजनिक विद्यालयमा न्यूनतम् पूर्वाधार विकास कार्यक्रम** कार्यान्वयन गरी विद्यालयको भौतिक, शैक्षिक र व्यवस्थापकीय पक्षमा सुधार गरी शैक्षिक गुणस्तर अभिवृद्धि गरिनेछ ।
११. **एक वडा एक नेतृत्व विद्यालय कार्यक्रम**लाई निरन्तरता प्रदान गरी सूचकमा आधारित कार्यसम्पादन अनुदानलाई कार्यान्वयनमा ल्याइनेछ ।
१२. सुत्केरी विदामा बसेका महिला शिक्षक काममा नफर्कुन्जेलसम्मका लागि सट्टा शिक्षक व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
१४. नगरस्तरीय शैक्षिक गतिविधिमा संस्थागत विद्यालयको सहभागिता वृद्धि गरी संस्थागत विद्यालयहरूलाई आवश्यक नियमन गरिनेछ ।
१५. आदर्श माध्यमिक विद्यालयमा सञ्चालन हुँदै आएको समावेशी शिक्षा कार्यक्रमलाई निरन्तरता दिदै सबै प्रकारका अपांगता भएका बालबालिकाका लागि अपांगतामैत्री वातावरणमा सिकाइको व्यवस्था गरिनेछ ।
१६. कक्षा १ देखि ८ सम्म स्थानीय पाठ्यक्रम निर्माण गरी पाठ्यक्रममा आधारित सन्दर्भ सामग्रीको विकास गरिनेछ ।
१७. महानगर बहुप्राविधिक शिक्षालयको भौतिक पूर्वाधार विकास, शैक्षिक गुणस्तर अभिवृद्धि तथा व्यवस्थापकीय सुधार गरी नमूना प्राविधिक शिक्षालयका रुपमा विकास गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
१८. सार्वजनिक विद्यालयमा दिवा खाजा, निःशुल्क पाठ्यपुस्तक, लक्षित वर्ग छात्रवृत्ति, छात्रा स्यानिटरी प्याडदिइँदै आएको अनुदानलाई निरन्तरता प्रदान गरिनेछ ।

१९. सामुदायिक सिकाइ केन्द्रलाई सबलीकरण गरी अनौपचारिक, खुला, निरन्तर सिकाइ, आयआर्जन वृद्धि, सामुदायिक पुस्तकालय सञ्चालनसँग सम्बन्धित कार्यक्रम सञ्चालन गरिनेछ ।

२०. परम्परागत तथा धार्मिक विद्यालयलाई शिक्षाको मूलधारमा समाहित गरी महानगरबाट प्रदान गरिँदै आएको सञ्चालन व्यवस्थपन अनुदानलाई निरन्तरता प्रदान गरिनेछ ।

२१. सामुदायिक विद्यालयमा ई-हाजिरी प्रणालीको प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाइनेछ ।

२२. सामुदायिक विद्यालयमा सूचकमा आधारित भई सूक्ष्म अनुगमन तथा सुपरीवेक्षण प्रणालीको विकास गरी विद्यालय सञ्चालनमा आएका अफठ्याराहरूको पहिचान गरी निराकरण गरिनेछ ।

२३. कक्षा ८ को महानगरस्तरीय परीक्षालाई थप व्यवस्थित बनाइ महानगरबाट कक्षा ५ को सिकाइ उपलब्धि परीक्षण गरिनेछ ।

२४. संस्थागत विद्यालयले नियमानुसार प्रदान गर्नुपर्ने निःशुल्क छात्रवृत्तिसम्बन्धी व्यवस्थालाई पारदर्शी बनाउनका लागि प्रभावकारी नियमन गरिनेछ ।

२५. सामुदायिक विद्यालयहरुमा निर्माण हुने सम्पूर्ण भौतिक संरचनाहरुको निर्माण महानगरपालिकाबाट खरीद प्रकृयाबाट गरिनेछ।

२६. सामुदायिक विद्यालयका शिक्षक व्यवस्थापन (नियुक्ती, सरुवा, बढूवा) महानगरपालिकाबाट मात्रै गरिनेछ।

## युवा तथा खेलकुद विकास

१. बेरोजगार युवालाई लक्षित दिइँदै आएको सीपमूलक तथा व्यवसायीक तालिमलाई निरन्तरता दिइनेछ ।

२. युवा उद्यमशीलता कार्यक्रम सञ्चालन गरी युवाहरुलाई रोजगारीका अवसर सिर्जना गरिनेछ ।

४. सहिद रङ्गशाला तथा गिरिजाप्रसाद कोइराला क्रिकेट रंगशालाको उचित मर्मतसम्भार तथा संरक्षण गरिनेछ ।

५. विराटनगर महानगर क्षेत्रमा राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद सञ्चालनका लागि प्रोत्साहन गरिनेछ। साथै विराट गोल्डकपका लागि दिइँदै आएको सहयोगलाई निरन्तरता दिइनेछ ।

६. विराटनगरका उत्कृष्ट खेलाडी सम्मान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

७. विद्यालय तहमा खेल शिक्षकको व्यवस्थापन गरी विद्यालयतहबाट नै खेलाडी उत्पादन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

८. विद्यालय तथा समाजमा हुने विभिन्न हिंसालाई मुक्त राख्न आफूलाई सुरक्षित महसुस गराउन **उपमेयर किशोरी आत्मरक्षा कार्यक्रम**लाई निरन्तरता दिइनेछ ।
९. खेलकुदसँग सम्बन्धित विभिन्न संघसंस्थाहरूमार्फत खेलकुद गतिविधि सञ्चालनका दिइँदै आएको सहयोगलाई निरन्तरता दिइनेछ ।

## बालबालिका

१. विराटनगर महानगरपालिकालाई बालमैत्री नगर घोषणा गर्न बाँकी रहेका वडा नं. १८ र १९ लाई बालमैत्री वडा घोषणा गरी महानगरलाई बालमैत्री नगर घोषणा गरिनेछ।
२. बालअधिकार संरक्षण र प्रवर्द्वन गर्नकालागि बालअधिकार समितिलाई थप प्रभावकारी र क्रियाशील बनाइनेछ।
३. नगरका सबै बालबालिकाहरुको पहुँच हुने गरी बालमैत्री पार्क र खेल मैदानलाई थप निर्माण र व्यवस्थापना गरीदै लगिनेछ।
४. विभिन्न संघसंस्थाहरुसँगको समन्वय र सहकार्यबाट सडक बालबालिका, बालश्रम र बालविवाह निवारण गर्ने कार्यहरुलाई थप प्रभावकारी बनाउँदै लगिनेछ।
५. साइवर अपराध, लैङ्गिक हिंसा र बालविवाहबाट बालबालिकाहरुलाई हुने सम्भावित जोखिमबाट बचाउन सुरक्षा निकाय, बालक्लब तथा विद्यालयसँगको सहकार्यमा भइरहेको सचेतना अभियानलाई निरन्तरता दिइनेछ ।
६. मनोसामाजिक समस्यामा परेका बालबालिका तथा प्रभावित व्यक्तिहरुलाई मनोविर्मशकर्ताबाट परामर्श उपलब्ध गराइने कार्यलाई निरन्तरता दिइनेछ ।
७. बालक्लबको क्षमता विकासका लागि विभिन्न तालिम र कार्यक्रममा सहभागिता अभिवृद्धि गरीने कार्यलाई निरन्तरता दिइनेछ ।
८. बालबालिकाहरुको स्थिति प्रतिवेदन र रणनीति योजना तर्जुमा गरिनेछ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

१ सडकपेटीमा रात बिताउने असहाय तथा सहाराविहीन मानवहरुलाई नगर प्रहरीमार्फत उद्धार गरी उचित व्यवस्थापन गरिनेछ।
२ महानगरपालिकाको लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति निर्माण गरिनेछ।

३ ज्येष्ठ नागरीक, अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाति, दलितसमुदाय, मधेशी पिछडा वर्गको भाषा, कला, साहित्य तथा संस्कृति संरक्षणमा सहयोग पुर्याउने बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ ।

४ नागरीकहरुलाई अनुभवी र परिपक्क नागरीकहरुका रुपमा सम्मान गर्दै ज्येष्ठ उनीहरुमा रहेको अनुभव, ज्ञान सीपलाई अन्तरपुस्तामा हस्तान्तरण गरिनेछ।

५ अलपत्र परेका असहाय, घरबारीविहीन ज्येष्ठ नागरीकहरुलाई प्रत्यक्ष सहयोग पुर्याउँदै आएको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६ ज्येष्ठ नागरीकमाथि हुने हिंसा र दुर्व्यवहारविरुद्ध शून्य सहनशीलताको नीति लिइनेछ।

७ सम्मानजनक जीवनयापन गर्ने वातावरणको सृजना गर्न ज्येष्ठ नागरीक दिवस, पुस्तकालय, पत्रपत्रिका, दिवा सेवा केन्द्र, भ्रमणजस्ता कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ ।

८ अपाङ्गता भएका व्यक्तिहरुलाई जीवन सहज बनाउन भैरहेको सहायक सामग्री उपलब्धतालाई निरन्तरता दिइनेछ ।

९ अपाङ्गता भएका व्यक्तिहरुको परिचय योजनाबद्ध र सर्वसुलभ ढंगले वितरण गर्ने घुम्ती शिविर संचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१० अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम सन्चालनका लागि प्रदेश सरकार र करुणा फाउण्डेसन नेपालसँग भएको कार्यक्रमलाई निरन्तरता दिइनेछ।

११. अपाङ्गता भएका व्यक्तिहरुको हकअधिकारका क्षेत्रमा कार्य गरीरहेका संस्थाहरुको अनुदान रकमलाई निरन्तरता दिइनेछ।

१२. महानगरलाई लैङ्गिक हिंसा रहित आपसी सम्मानयुक्त समाज बनाउन सहयोगी संस्थाहरुको सहयोग र सहकार्यमा सञ्चालित लैङ्गिक हिंसा तथा प्रतिकार्य योजनालाई निरन्तरता दिइनेछ।

१३. लैङ्किक हिंसाबाट प्रभावितहरुलाई उपलब्ध गराउँदै आएको कार्यकमलाई निरन्तरता दिइनेछ ।

१४. महिला सशक्तीकरणका लागि विभिन्न रोजगारमूलक सीप विकास तालिम र सचेतनामूलक कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ ।

१५. महिलाहरुको बहुपक्षीय क्षमता विकास गर्न वडास्तरमा आमा समूह गठन गरी क्रियाशील बनाइनेछ ।

१६. महिलाहरुलाई आर्थिक रुपमा सशक्त वनाउन कार्यविधि बनाई Innovative startup business सँग जोडिनेछ ।

१७. महिलाहरुलाई आर्थिक रुपले सशक्त बनाउन उद्यमशीलता विकास कार्यक्रममा भएको सहयोगलाई निरन्तरता दिइनेछ ।

१८. बालसेवा आश्रम, मानव सेवा आश्रम तथा वृद्धाश्रमहरुको संस्थागत विकासका लागि भैरहेको सहयोगलाई निरन्तरता दिइएको छ।

१९. साक्षर महिला सक्षम विराटनगर अभियानअन्तर्गत हरेक टोलमा आमा समूह मार्फत डिजिटल साक्षरता लेखाईपढाइलाई वृद्धि गर्ने बचत अभ्यास गर्ने समूहमार्फत सरसफाई अभियान सञ्चालन गरिनेछ ।

## सामान्य प्रशासन

### प्रशासन

१ वडा कार्यालयलाई थप जिम्मेवारी बनाउन गरीएको अधिकार प्रत्यायोजन निरन्तरता दिई आयोजना तथा कार्यक्रम कार्यान्वयन प्रक्रियालाई छिटोछरितो र प्रभावकारी बनाइनेछ।

२ महानगरपालिकाले उपलब्ध गराउने सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन र कार्यसम्पादनको गुणस्तरको सम्बन्धमा सुझाव तथा जनगुनासो सम्बोधन गर्नका लागि व्यवस्था गरीएको टोल फ्री नम्बरलाई अझ प्रभावकारी बनाइनेछ । भ्रष्टाचार अपचलन गरेको पुष्टयाई हुने वित्तिकै सो कार्यलाई दण्डनीय बनाइनेछ ।

३ खर्च मितव्ययितालाई ध्यान दिने र भ्रष्टाचारलाई शून्य सहनशीलताको नीति अपनाइनेछ ।

४ महानगरका नीति, कार्यक्रम वार्षिक कार्यक्रम तर्जुमा गर्दा सम्बन्धित सरोकारवालाहरुलाई सहभागी गराउने नीतिलाई निरन्तरता दिइएको छ ।

५ महानगरको कार्य प्रकृति, जनशक्ति र विकास आवश्यकताका आधारमा निर्माण भएको संगठनात्मक ढाँचा र दरबन्दीलाई थप परिमार्जित गर्दै कार्यसम्पादनका आधारमा थप सेवासुविधा उपलब्ध गराई क्षमतावान् कर्मचारीलाई प्रोत्साहित गरिनेछ भने कार्य दक्षता नभएकालाई सेवाबाट विदाई गरिनेछ ।

६ महानगरपालिकाको कार्यविभाजन नियमावली, २०७४ र कार्यसम्पादन नियमावली, २०७४ लाई समयानुकूल परिमार्जन तथा संशोधन गरी कार्यान्वयन गरिनेछ।

७ कार्यालय र अन्तर्गतका वडा कार्यालयहरूमा नागरीक वडापत्रलाई समयसापेक्ष अद्यावधिक गरी वडापत्रलाई डिजिटलाइज गरिँदै लगिनेछ।

८ महानगरपालिकाबाट प्रवाह हुने सेवासम्बन्धमा सेवाग्राहीहरूको गुनासो, उजुरी यथाशीघ्र सम्बोधन गरिनेछ, सेवाग्राही सन्तुष्टि सर्भेक्षण गरिनेछ, सामाजिक तथा सार्वजनिक परीक्षण एवंसार्वजनिक सुनुवाइलाई अनिवार्य गर्दै प्रशासनलाई जनउत्तरदायीबनाउने कार्यलाई निरन्तरता दिइनेछ।

९ अन्तराष्ट्रियतथा राष्ट्रिय नगरहरूसँग भगिनी सम्बन्ध विस्तार गरी नयाँ प्रविधि, सोच, नवीन सिकाईहरू, विकासका मोडल तथा असल अभ्यासहरूको आदानप्रदान र सहकार्य गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१० वित्तीय सुशासन कायम गर्नका लागि नीतिगत, संस्थागत, संरचनागत र व्यवहारगत पक्षमा रहेका विद्यमान समस्याहरुको विश्लेषण गरी आवश्यक कदमहरु चालिरहेको कार्यलाई निरन्तरता दिइनेछ

११ सेवा प्रवाहमा सकारात्मक परिवर्तनका लागि कर्मचारीहरूको पेशागत स्थायित्व एवंवृत्तिविकास र स्वेच्छिक अवकाश जस्ता कार्यहरूलाई संघ तथा प्रदेश कानुनका आधारमा स्थानीय कानुन बनाई कार्यान्वयन गरिनेछ।

१२ कार्यसम्पादन सम्झौता लागू गरी प्रशासनलाई उत्तरदायी र नतिजामुखी बनाइनेछ । साथै कार्यसम्पादनका आधारमा प्रोत्साहन र पुरस्कारको लागि मापदण्ड बनाई लागू गरिनेछ।

१३ विशेष प्राविधिक ज्ञान, सिप योग्यता आवश्यक पर्ने बाहेक कार्यालयमा मौजुदा जनशक्ति र सल्लाहकारहरुको सहयोगमा सम्पन्न हून सक्ने कामका लागि बाह्य परामर्शदाताको प्रयोग गरिने छैन ।

## कानुन तथा न्याय

१.संविधान, कानुन, महानगरपालिकाको नीति योजना तथा कार्यक्रमलाई कार्यान्वयन गर्न आवश्यक पर्ने ऐन, कानुन, कार्यविधि, निर्देशिका तर्जुमा गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२. सबै वडा कार्यालयहरुमा स्थापना भई सञ्चालनमा रहेका मेलमिलाप केन्द्रहरुको संस्थागत विकास गरी  सबै विवादहरु वडा तहबाट नै निरुपण गर्ने कार्यलाई थप प्रभावकारी बनाईनेछ ।

३. सूचना प्रविधिको प्रयोगबाट न्याय सम्पादनको कार्यलाई सरल, सहज र पहुँचयोग्य बनाइनेछ ।

४. काननी परामर्श सेवालाई वडास्तरमा विस्तार गरी सेवाग्राहीलाई सहजीकरण गरिनेछ ।

५. महानगरभित्र उपमेयरसँग गृहिणी कार्यक्रम सन्चालन गरी गृहिणीका समस्याहरुलाई सम्बोधन गरिनेछ

६. विभिन्न मितिमा न्यायिक निकायहरुबाट भएका फैसला तथा अन्य निर्देशनात्मक आदेशहरुलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गरीने कार्यलाई निरन्तरता दिइनेछ ।

७.मेलमिलापकर्ताहरु, कानुनी सल्लाहकार तथा कर्मचारीहरुको क्षमता विकासका कार्यहरुलाई निरन्तरता दिइनेछ ।

**नगर सुरक्षा**

१ महानगर क्षेत्रको फुटपाथलाई थप व्यवस्थित गर्दै छाडा चौपाया नियन्त्रणलाई पूर्णत: निषेध गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२ ऐलानी जग्गाको घेरावारा गरी संरक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ साथै सरसफाई शाखासँग समन्वय र सहकार्य गरी सरसफाईको मापदण्डलाई थप प्रभावकारी बनाइनेछ ।

३ जिल्ला ट्राफिक प्रहरी कार्यालयसँगको समन्वय र सहयोगमा बजार क्षेत्रको अव्यवस्थित पार्किङलाई व्यवस्थित गरी ट्राफिक व्यवस्थापन गर्दै सडक सुरक्षाका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४ प्राकृतिक प्रकोप तथा मानव सिर्जित प्रकोपबाट हुने दुर्घटनाहरुमा तत्काल नगर प्रहरी खटाई राहत, उदार, जस्ता कार्यमा खटाउने कार्यलाई निरन्तरता दिइनेछ ।

५ अनाधिकृत रुपमा हुने खोलाजन्य पदार्थको उत्खनन् नियन्त्रण कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

६ मुख्य बजार क्षेत्रको सुरक्षा व्यवस्थापनलाई थप प्रभावकारी बनाउन भिडभाड हुने स्थानहरुमा जेब्रा क्रसिङ, ट्राफिक लाइट, CC Camera जडान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

७ नगर प्रहरीको सेवा सर्तको सुरक्षा र वृत्तिविकासका लागि नगर प्रहरी ऐन तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

८ आगलागीको समयमा आगलागीलाई तत्काल नियन्त्रण गर्न बारुणयन्त्रमा कार्यरत कर्मचारीहरुको क्षमता विकास गरिनेछ ।

## सूचना तथा सञ्चार प्रविधि

१. सूचना तथा संचार प्रविधिको उच्चतम् प्रयोग गरी सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ। सबै पुराना अभिलेखहरुलाई क्रमश: डिजिटाईज गरिनेछ ।

२. महानगरपालिकाको कार्यालयभित्र सूचना प्रविधिको अधिकतम प्रयोग गरी नगरवासीलाई सूचनाको पहुँचमा अभिवृद्धि गरिनेछ।

३. Integrated Office Automation System (स्वचालित सेवा) मार्फत महानगर मातहतको महाशाखा/शाखा तथा वडा कार्यालयहरुको समग्र कार्यप्रणालीलाई प्रविधिमैत्री बनाइनेछ ।

४. विद्युतीय सुशासनका प्रयासहरुको गतिशीलता र प्रभावकारिता सुनिश्चित गर्न संस्थागत व्यवस्था सुदृढ गरिनेछ | यस क्रममा GEA (Government Enterprise Architecture) र Government Interoperability Framework लगायतका प्रारूपहरुको कार्यान्वयन गरिनेछ |

५. डिजिटल साक्षरता (Digital Literacy) को प्रभावकारिता बढाउँदै लगिनेछ ।

६. महानगरका राष्ट्रिय तथा अन्तराष्ट्रिय ख्यातिप्राप्त महत्वपूर्ण व्यक्तिहरुको अभिलेखीकरण गरिनेछ ।

७. महानगरपालिकाबाट हुने सबै गतिविधिहरुका बारेमा नगरवासीलाई विभिन्न सञ्चार माध्यमबाट सूसुचित गरिनेछ ।

८. स्थानीय पत्रपत्रिका, टेलिफोन, एफ,एम., रेडियो, अनलाइन पोर्टललगायतका सञ्चार माध्यमलाई संस्थागत विकासका लागि उपलब्ध गराउँदै आएको सहयोगलाई निरन्तरता दिनुका साथै विभिन्न सूचना प्राप्त गर्न राष्ट्रिय पत्रिकाको वार्षिक ग्राहक बनिनेछ ।

९. स्थानीय जनतालाई दैविक प्रकोप तथा महामारीको बारमा जानकारी गराउनुका साथै आवश्यकतानुसार लोककल्याणकारी सन्देशमूलक सूचना स्थानीय सञ्चार माध्यमद्वारा प्रकाशन तथा प्रशारण गरिनेछ ।

१०. खोज पत्रकारिताको विकासका लागि महानगरमा भएका पत्रकारहरुसँग अन्तरक्रिया तथा पत्रकारहरुको क्षमता अभिवृद्धिका लागि पत्रकारिता क्षामता विका कार्यक्रम सन्चालन गरिनेछ ।

११. महानगरसँग भएका सम्झौताबमोजिम कार्य भए नभएको पहिचान गरी अनुगमन तथा निरीक्षण गरिनेछ ।

१२. महिला, दलित, आदिवासी, जनजाति तथा पिछडा वर्गका युवायुवतीहरुको समाचार लेखन तथा अन्तर्वार्ता लिनेजस्ता क्षमता अभिवृद्धिका कार्यक्रम संचालन गरिनेछ ।

१३. महानगरको सञ्चार नीति बनाइनेछ ।

१४. तारणीप्रसाद कोइराला सञ्चारग्राममा महानगर रेडियो सन्चालनमा ल्याइनेछ ।

**आर्थिक प्रशासन**

१ हरेक महिना व्यतित भएको ७ दिनभित्र आम्दानी र खर्चको विवरण वेबसाइटमार्फत सार्वजनिक गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२ आर्थिक अनुशासनलाई भरपर्दो, छिटो छरितो, विश्वासिलो र पारदर्शी बनाउन लेखा प्रणालीलाई सूदृढीकरण गर्न Electronic Fund Transfer (EFT), Day closing प्रणालीलाई अझ बढी कार्यान्वयनमा ल्याइनेछ ।

३ बेरुजु फछ्र्यौट कार्यलाई उच्च प्राथमिकता दिने कार्यलाई निरन्तरता दिइनेछ ।

४ वडाहरुमा लेखा कर्मचारी व्यवस्थापन गरी वडास्तरीय आर्थिक कारोबार वडा कार्यालयवाटनै सञ्चालनमा ल्याइनेछ ।

५ प्रशासनिक खर्चमा मितव्ययिताको नीति अपनाइने छ । अति आवश्यक नभई कार्यालय प्रयोजनका लागि सवारी साधन र फर्निचर खरिद गरिने छैन । कर्मचारी प्रोत्साहन भत्ता अतिरिक्त समय भत्तालाई मापदण्ड बनाई व्यवस्थित गरिनेछ । सिपमुलक बाहेकका तालिम गोष्ठी र अध्ययन भ्रमणलाई निरुत्साहित गरिनेछ ।

## वित्तीय व्यवस्थापन

१ सम्बन्धित सरोकारवाला तथा विज्ञहरुसँगको राय, सुझाव तथा परामर्शमा करका दरहरु निर्धारण गरी करका दायराहरुलाई फराकिलो पारिने कार्यलाई निरन्तरता दिइएको छ ।

२ राजस्व सुधार योजना निर्माण गरी आन्तरिक राजस्व अभिवृद्धि वर्षको रुपमा लिइने कार्यलाई निरन्तरता दिइनेछ।

३ वडा कार्यालयको अगुवाई र सम्बन्धित सरोकारवालाहरुको समन्वय र सहकार्यमा घरदैलो करदाता शिक्षा अभियानलाई निरन्तरता दिइनेछ ।

४ स्थानीय सञ्चार माध्यम र सामाजिक सञ्जालको माध्यमबाट समेत करदाता शिक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

५ करदाताहरुलाई कर प्रणालीमा स्वेच्छिक रुपमा सहभागी हुन कार्यमा प्रेरित गर्न समग्र राजस्व प्रणालीलाई थप प्रविधिमैत्री बनाउँदै लगिनेछ।

६ **'कर करले हैन रहरले तिरौं'** भन्ने वातावरणको सिर्जना गर्दै नियिमत रुपमा कर तथा राजश्व बुझाई आन्तरिक आय वृद्धि गर्न सहयोग गर्ने उत्कृष्ट करदातालाई सम्मान गर्ने कार्यलाई निरन्तरता गरिनेछ।

७ आन्तरिक आय वृद्धिका लागि कर्मचारीहरुको क्षमता विकास तालिमलाई निरन्तरता दिइनेछ

८ राजश्व प्रशासनलाई थप प्रभावकारी र सरलीकृत गर्न आवश्यक ऐन कानुनहरु तर्जुमा गरिनेछ । साथै राजश्व प्रशासनलाई थप प्रविधिमैत्री बनाउन पुराना अभिलेखहरुलाई डिजिटाईज गर्दै करदाताहरुको Digital Profile तयार गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

९ आन्तरिक राजश्व छली तथा चुहावट नियन्त्रणका लागि अनुगमन तथा निरीक्षणलाई थप प्रभावकारी बनाउन निरन्तरता दिइनेछ ।

१० कर तिर्न अटेर गर्ने, झुठो विवरण पेश गरी कर छली गर्नेलाई जरिवानासहित कारबाही गरिनेछ ।

११ वार्षिक तालिका बनाई सबै करदाताहरुलाई करको दायरामा ल्याउन विशेष योजना बनाई कार्यान्वयन गरिनेछ ।

१२ राजस्व प्रशासनलाई सूचनामुखी बनाउन महानगरपालिकामा राजस्व सहायता कक्षको व्यवस्थापन गरिनेछ ।

१३ नगरलाई सफा र सुन्दर बनाउने अभियानलाई सफल पार्न फोहोर विसर्जनको सुनिश्चितता यकिन गरेर मात्र व्यवसाय दर्ता तथा नवीकरण गर्ने परिपाटीको थालनी गरिनेछ ।

१४ विराटनगर महानगरपालिकाबाट सुर्तीजन्य पदार्थ बिक्री वितरणका लागि उपलब्ध गराएको इजाजत प्रमाणपत्र खारेज गरिनेछ । साथै नयाँ व्यवसाय इजाजत प्रमाणपत्र जारी गरीने छैन ।

## सहरी पूर्वधार विकास

### भू-उपयोग तथा बस्ती विकास

१ महानगर आवास कार्यक्रमअन्तर्गत संचालित वडा नं ५, १२ र १९ को परियोजनालाई निरन्तरता दिइनेछ ।

२ महानगर क्षेत्रभित्र रहेका सिंघिया र केसलिया खोला छेउमा बस्ने अति जोखिम एवं कष्टकर जीवन निर्वाह गरीरहेका सुकुम्वासी परिवारहरुलाई महानगर आवास कार्यक्रमअन्तर्गत एकीकृत आवास कार्यक्रम सन्चालन गरिनेछ।

३ भू-उपयोग नीतिलाई कार्यान्वयन गरी अव्यवस्थित खण्डीकरणलाई निरुत्साहित गरिनेछ ।

४ सिंघिया र केशलिया नदी क्षेत्रको सिमांकन गरी नदी क्षेत्रलाई खुला गर्ने कार्यको सुरुवात गरिनेछ ।

५ सार्वजनिक जग्गाको सिमांकन गरी उत्पादनमूलक उपभोग गर्ने नीति लिइनेछ ।

६ 'एक वडा, एक पार्कको अवधारणाअनुरुप विराटनगर महानगरपालिकाको प्रत्येक वडामा सम्भावित खेलस्थलको अध्ययन गरिनेछ साथै भएका

पार्कहरुको रेकर्ड राख्ने तथा व्यायामस्थलसहितको एउटा नमुना पार्क र खेलमैदानको निर्माण गरिनेछ।

७ महानगर क्षेत्रमा बढ्दो सवारी पार्किङ समस्या रहेका क्षेत्रहरुको पहिचान गरी दीर्घकालीन समाधानका लागि डिजाइन र मास्टरप्लान तयार गरी **एउटा नमुना स्मार्ट पार्किङजडान**सहित आवश्यक पार्किङस्थलको व्यवस्थापन गरिनेछ।

८ संघीय तथा प्रदेश सरकार र अन्तर्राष्ट्रिय विकास साझेदारको सहयोग जुटाई सिंघिया र केशलिया खोलाको छेउबाट हरियाली प्रवर्द्धन सहितको करिडोर सडक निर्माण गरिनेछ। त्यहाँ रहेका जोखिमपूर्ण सुकुम्वासीहरुको उपयुक्त व्यवस्थापन गरिनेछ।

९ Land Poolingआयोजनाका लागि सम्भाव्यता अध्ययन गरी आवश्यक कानुन र कार्यविधि बनाइनेछ।

## भवननिर्माण इजाजत तथा भवनसंहिता

१ राष्ट्रिय भवनसंहिताबमोजिम भूकम्प प्रतिरोधी भवन निर्माण गर्न घरनक्सा पास सहज बनाउँदै घरनक्सा इजाजत अनलाइनबाट गर्ने तथा पुराना फाइलहरुलाई Archive गरी डिजिटाइज गरिनेछ।

२ प्रत्यक्ष भवन निर्माणसँग सम्बन्धित सूचीकृत डिजाइनर तथा महानगरमा कार्यरत प्राविधिकहरुलाई भवन निर्माण मापदण्डसम्बन्धी तालिम प्रदान गरी सुरक्षित भवन निर्माणमा जोड दिइने कार्यलाई निरन्तरता दिइनेछ।

३ भवनहरुको सवलता, सुरक्षा र जोखिम न्यूनीकरण गर्न प्रचलित भवन निर्माणसम्बन्धी मापदण्डहरु समयअनुकूल पारिनेछ।

४ राष्ट्रिय भवनसंहिता तथा पूर्वाधार निर्माण मापदण्डको कडाइका साथ कार्यान्वयन गरिनेछ।

५ भवन निर्माणको सम्पन्न प्रमाणपत्र दिदाँ निर्माणपछिको सरसफाइको अवस्था अनुगमन गरेर दिने नीति लिइनेछ ।

६ मापदण्ड बिना विकास भएका घडेरीमा घरबनाउने कार्यलाई निरुत्साहित गरिनेछ ।

७ नक्सा पास निर्माण कार्य सम्पन्न प्रमाण–पत्र लिन आउँदा निर्माण सामग्री हटाई सडक, नाला, कल्भर्ट तथा पेटीमा कुनै क्षति भए सोको मर्मतसंभार

गर्नुपर्नेछ र अन्तमा निर्माणकर्ताबाट माथिका बुदाँ भए नभएको सरसफाई व्यवस्थापन शाखाबाट अनुगमन तथा निरीक्षण गरी प्रतिवेदनका आधारमा मात्र प्रमाणपत्र जारी गरिनेछ । साथै घर निर्माणको प्रमाण–पत्र दिदाँ सो घरको फोहोरमैला व्यवस्थापनको योजना पेश गर्नुपर्नेछ ।

## पूर्वाधार विकास

१ निजी क्षेत्रको सहभागितामा अन्तर्राष्ट्रियस्तरको स्टेडियम, नगर बस सञ्चालन, स्मार्ट सिटी तथा फोहरमैला व्यवस्थापनका कार्य अघि बढाइनेछ ।

२ विराटनगरको ऐतिहासिक गरीमा र पूर्वाधारका हिसावले गर्व गर्न लायक प्रादेशिक राजधानीका रुपमा विकास गर्ने जनचाहनाबमोजिम विविध क्षेत्रगत गुरुयोजना) Sectoral Master Plan (सहितको आयोजना बैंक) Project Bank) तयार गरिनेछ । उक्त योजनाको आधारमा राष्ट्रिय अन्तर्राष्ट्रिय एवं दातृ निकायको सहयोग परिचालन गरिनेछ।

३ महानगरको आर्थिक विकासकालागि अत्यावश्यक विशेष आर्थिक क्षेत्र, प्रादेशिक बसपार्कहवाई मैदान विस्तार, रिङरोड निर्माण, वाईपास सडक, रंगशाला, संग्रहालयजस्ता आन्तरिक श्रोतबाट मात्र सन्चालन गर्न नसकिने योजनाहरु सहयोगी र साझेदार संस्थाहरुको सहयोगमा कार्यान्वयनमा ल्याउन पहल गरिनेछ।

४ सार्वजनिक-निजी साझेदारीको अवधारणबमोजिम निजी क्षेत्रमा रहेको पूँजीलाई समेत नगर निर्माणमा आकर्षित गरी कृषि तथा औद्योगिक प्रदर्शनीस्थल निर्माण, वडा नं ९ गुद्रीस्थित ई-प्लट मा पार्किङसहितको बहुउपयोगी व्यावसायीक भवन निर्माण, सवारी साधन पार्किङ तथा हरियाली प्रवर्द्धनलगायतमा परिचालन गर्ने कार्यलाई अझ गति दिइनेछ।

५ सडकको दिगोपन वृद्धिका लागि  रिङरोड, कोशी राजमार्ग र बाइपास सडकबाहेक अन्य सडकमा ठूला सवारी साधनबाट मालसामान ढुवानी गर्ने कार्य रोक्ने नीतिलाई कडाईका साथ लागू गरिनेछ।

६ वडास्तरीय योजनाहरुमार्फत न्यूनतम् भौतिक पूर्वाधारहरु विस्तार गर्दै लगिनेछ भने नगरस्तरीय योजनाहरुमार्फत नगरका मुख्य भौतिक पूर्वाधारहरु निर्माण गर्दै सुरक्षित र विकसित आवास क्षेत्रको रुपमा विकसित गरिनेछ।

७ निर्माणसम्पन्न भएका भौतिक संरचनाहरुको दिगोपनाका लागि यथाशीघ्र मर्मतसंभार गर्न “Mobile Infrastructure Ambulance”कोअवधारणामा कार्य गर्ने व्यवस्था मिलाइने छ।

८ कार्यालयको सुविधा सम्पन्न र आधुनिक प्रशासनिक भवन निर्माण कार्यतालिकाबमोजिम निर्माण गरी सञ्चालनमा ल्याइनेछ ।

९ पूर्वाधार निर्माणमा गुणस्तर कायम गराउन निर्माण गुणस्तर चेकजाँचको व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ ।

१०दिगो र भरपर्दो रुपमा फोहोरपानी प्रशोधन केन्द्र र ढल प्रणाली सन्चालन गर्दै लगिनेछ।

११जापान सरकारको सहयोगमा खानेपानी सुधारको परियोजना सञ्चालनमा ल्याइनेछ।

१२पूर्वाधार निर्माण गर्दा वातावरणमैत्री, बालमैत्री र अपाङ्गमैत्री अवधारणा अंगिकार गरिनेछ।

१३ Planning Permit नलिइकन जग्गा तथा घरघडेरी विकास गर्न प्रतिबन्ध लगाइनेछ।

१४नगर क्षेत्रभित्रका सडक, नाला निर्माण गर्दा सडक मापदण्डविपरीत निर्माण भएका संरचनाहरु हटाइने कार्यलाई निरन्तरता दिइनेछ।

१५सडक, खानेपानी, विद्युत तथा दूरसंचार संस्थान जस्ता निकायहरुद्वारा सन्चालन गरीने विकास निर्माणका कार्यक्रमहरुलाई सम्बन्धित निकाय र महानगरबीच समन्वय कायम गरी सन्चालन गर्ने नीतिलाई कडाईका साथ लागू गरिनेछ।

१६नगरको दिगो विकासका लागि लागत सहभागिता र सहभागितात्मक विकासको अवधारणा बमोजिम योजना छनौट, निर्माण, अनुगमन, सन्चालन र मर्मतसम्हारसमेतमा स्थानीय सरोकारवाला उपभोक्ताहरुको सार्थक सहभागिता जुटाउने कार्यलाई थप व्यवस्थित गरिनेछ।

१७ पूर्वाधार विकासको दृष्टिले पछाडि परेको नगरको पश्चिम दक्षिण क्षेत्रमा सडक नाला, खानेपानी आयोजना निर्माण र डुबानको समस्या समाधानसहितको परियोजना सञ्चालन गर्न संघीय तथा प्रदेश सरकार र विकास साझेदारहरुसँग समन्वय गरिनेछ।

१८ आवश्यक सार्वजनिक स्थानहरुमा थप सार्वजनिक शौचालयहरु निर्माण गरिनेछ ।

१९ विराटनगर महानगरपालिकाबाट सञ्चालित विभिन्न योजनाहरुलाई online software मार्फत हुनेगरी पूर्ण कार्यान्वयनमा ल्याइनेछ।

२० वडास्तरीय drainage गुरुयोजना बनाई नाला व्यवस्थापन गरिनेछ।

२१ भरपर्दो ल्याव परीक्षण गर्दै टिकाउ संरचना निर्माण गर्न शाखाको मातहत lab room, lab staff, lab equipment को व्यवस्था गरिनेछ।

२२ प्राविधिक र अप्राविधिक कर्मचारीको क्षमता विकासका लागि तालिमको व्यवस्था गरिनेछ।

२३ प्राविधिक कर्मचारीका लागि structure analysis training , GIS training , Smart road training र प्राविधिक कर्मचारीका लागि PPMO training , Record management trainingकार्यलय सहयोगीका लागि File Management training को व्यवस्था गरिनेछ।

२४ उपभोक्ता समितिबाट भएका निर्माणको मर्मत र संरक्षणको जवाफदेहिता स्वयं उपभोक्ता समितिलाई बनाइने कार्यलाई निरन्तरता दिइनेछ।

२५ महानगरपालिका अन्तर्गतका कार्यालयहरुमा शुद्ध पिउने पानी व्यवस्थाको लागि Water Treatment Plant को स्थापना गरिनेछ।

२६ सडक, नाला, कल्भर्ट तथा पेटी नयाँ निर्माण वा मर्मतसंभार गर्दा निर्माण सम्पन्नसहित अन्तिम किस्ता भुक्तानी गर्नुपूर्वसडक, पेटी, कल्भर्ट तथा नालामा निर्माणका लागि राखिएका सम्पुर्ण निर्माण सामग्री साथै कल्भर्ट निर्माणमा प्रयोग हुने सेट्रिङ्ग आदि सामग्री अनिवार्य हटाउनुपर्नेछ । साथै फोहरमैला व्यवस्थापन शाखाबाट अनुगमन तथा निरीक्षण गरी प्रतिवेदनका आधारमा सिफारिस लिईमात्र भुक्तानी गर्नुपर्नेछ।

२७ घर तथा सडक निर्माण गर्दा महानगरपालिकाले तोकिएको Height कायम गरी निर्माण गरिनेछ ।यसका लागि अध्ययन गरी कार्यविधि बनाइनेछ ।

२८ Precast Drain लाई प्रयोगमा ल्याइनेछ ।

२९ Drain निर्माण गर्दा Plumb Concrete लाई प्राथमिकता दिइनेछ ।

३० घर बनाउँदा Ground Recharge Pit निर्माणलाई अनिवार्य गरिनेछ ।

**फोहोर पानी प्रशोधन केन्द्र**

विराटनगर महानगरपालिकामा संचालित फोहोर पानी प्रशोधन केन्द्र तथा ढल प्रणाली संचालन इकाईलाई ढल प्रणालीको थप विकास र विस्तार गर्ने गरी छुट्टै परियोजनाको रुपमा स्थापित गरिनेछ ।

अध्यक्ष महोदय

अब म आर्थिक वर्ष ०८०/०८१ को अनुमानित कुल व्यय, मुख्य कार्यक्रम र स्रोत व्यवस्थापनका बारेमा प्रस्तुत गर्न गइरहेको छु। आगामी आर्थिक वर्षमा कुल व्यय रु. ३ अर्ब २८ करोड ५० लाख रुपैयाँ व्यय हुने अनुमान गरीएको छ। उपरोक्त व्ययमध्ये कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रतर्फ रु. ६८ करोड, पूर्वाधार विकास क्षेत्रतर्फ रु. १ अर्ब ६५ करोड ५५ लाख ७५ हजार, आर्थिक विकास क्षेत्रतर्फ रु. ३ करोड ९६ लाख ८१ हजार, सामाजिक विकास क्षेत्रतर्फ रु. ८५ करोड २० लाख ४४ हजार मध्ये स्वास्थ्य तर्फ रु. १३ करोड ६७ लाख र शिक्षा तर्फ रु. ६७ करोड ९४ लाख, सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रतर्फ रु. ३ करोड ५ लाख र वातावरण तथा विपत व्यवस्थापन क्षेत्रतर्फ रु. २ करोड ७२ लाख रुपैयाँ खर्च हुने अनुमान गरेको छु ।

आगामी वर्ष सञ्चालन हुने मुख्य आयोजनाहरुमा वडास्तरीय आयोजनाका लागि रु. ३८ करोड, नगरस्तरीय आयोजनाका लागि रु. २० करोड, वहुवर्षीय तथा गौरवका आयोजना एवं क्रमागत योजनाको भुक्तानीका लागि रु ६५ करोड, RUDP बाट निर्माण भएका लगायतका पिच सडकहरु समेत गरी मर्मतसम्भार रु. १० करोड, सडक वत्ती तर्फ रु. १ करोड ५३ लाख ७५ हजार, अन्य पूर्वाधारतर्फ रु. २६ करोड ३७ लाख, फोहोर पानी प्रशोधन केन्द्र रु. २ करोड ६५ लाख र समपुरक कोषका लागि रु. २ करोड विनियोजन गरेको छु ।

आगामी आर्थिक वर्षको अनुमान गरीएको खर्च व्यहोर्ने स्रोतमध्ये सङ्घीय सरकार अन्तर सरकारी वित्तीय हस्तान्तरण तर्फ रु. १ अर्ब १९ करोड २४ लाख र प्रदेश सरकारतर्फ रु. ४ करोड ५१ लाख ६३ हजार, बाँडफाँटबाट प्राप्त राजश्व तर्फ रु. ८० करोड २४ लाख ३७ हजार, आन्तरिक आय तर्फ रु.९९ करोड ५० लाख, जनसहभागिता तर्फ रु. १० करोड, आन्तरिक ऋण तर्फ रु.१०

करोड, अन्य संघसंस्था तर्फ रु. ३ करोड र नगद मौज्दात वापत रु. २ करोड आय हुने अनुमान गरेको छु । उपरोक्त नीति कार्यक्रम तथा बजेटको कार्यान्वयनबाट विराटनगर महानगरको आर्थिक तथा सामाजिक क्षेत्रमा उल्लेख्य नतिजा हासिल हुने विश्वास लिएको छु।

अध्यक्ष महोदय

प्रस्तुत नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्न आफनो महत्वपुर्ण राय, सल्लाह तथा सुझाव दिनुहुने राजनैतिक पार्टीका प्रतिनिधीज्युहरु, निजी क्षेत्रका प्रतिनिधिज्यूहरू, नागरिक समाजका व्यक्तित्वहरु, कार्यपालिका सदस्यज्युहरु, नगर सभाका सदस्यज्युहरु, कर्मचारीहरु प्रति ह्रदयदेखिनै धन्यवाद दिन चाहन्छु । समृद्ध महानगर वनाउन सहयोग गर्नुहुने संघीय तथा प्रदेश सरकार, महानगरवासी, लब्धप्रतिष्ठित व्यक्तिहरु, सञ्चारकर्मी, स्थानीय प्रशासन, विकास साझेदार संस्थाहरु प्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा सम्मानित सभामा नीति, कार्यक्रम तथा बजेट माथि व्यापक छलफल भई पारित भए पश्चात प्रभावकारी कार्यान्वयन गर्दै महानगरको समष्टिगत विकासमा सवैको साथ सहयोगको अपेक्षा राख्दै यहाँहरुलाई विशेष धन्यवाद दिन चाहान्छु ।

धन्यवाद

शिल्पा निराला कार्की, उप प्रमुख
विराटनगर महानगरपालिका
मिति २०८०/०३/१०